# प्रभाव दैनिक
National Daily



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com



वर्ष ११ | अंक ११६ | काठमाडौं | शुक्रबार, ३२ साउन २०८१ | Prabhab National Daily | Friday, August 16, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


### विदेशमा उच्च शिक्षा

# बढ्दो विद्यार्थी र फेरिएको गन्तव्य


फाइल तस्बिर

■ **कमलकुमार बस्नेत**

- पछिल्लो एक दशकमा एनओसी लिनेको संख्या ३०० प्रतिशतले बढ्यो
- गत आव २०८०/८१ मा ६६ वटा देशका लागि एक लाख १२ हजार २५६ वटा एनओसी जारी
- पछिल्लो १० वर्षमा उच्च शिक्षाका नाममा पाँच खर्ब १८ अर्ब ७३ करोड रूपैयाँ बाहिरिएको तथ्यांक

**काठमाडौं–** पछिल्लो एक दशकमा उच्च शिक्षाका लागि विदेश जान शिक्षा मन्त्रालयको छात्रवृत्ति शाखाबाट 'नो अब्जेक्सन सर्टिफिकेट' (एनओसी)लिनेको संख्या ३०० प्रतिशतले बढेको छ । एक दशकअघि अर्थात् आर्थिक वर्ष २०७०/७१ मा उच्च शिक्षाका लागि विभिन्न देश जान मन्त्रालयको उक्त शाखाबाट २८ हजार १२६ वटा एनओसी जारी भएकामा गत आव २०८०/८१ मा ६६ वटा देशका लागि एक लाख १२ हजार २५६ वटा एनओसी जारी भएका छन् ।

प्रत्येक वर्ष एनओसी लिनेको संख्यासँगै शिक्षाका नाममा विदेसिने रकम पनि बढिरहेको छ । नेपाल राष्ट्र बैंकका अनुसार पछिल्लो १० वर्षमा उच्च शिक्षाका नाममा पाँच खर्ब १८ अर्ब ७३ करोड रूपैयाँ बाहिरिएको छ । विदेशमा पढ्न जाने विद्यार्थीहरूलाई मुद्रा सटहीका लागि एनओसी लिन्छन् । विदेशमा पढ्का लागि लाग्ने शुल्कका आधारमा एनओसी गर्दै आएको छ । एनओसीका आधारमा विद्यार्थीले बैंकिङ प्रणालीमार्फत विदेशस्थित कलेज तथा विश्वविद्यालयमा शुल्क पढाउँछन् । यसरी बैंकमार्फत रकम पढाउँदा उनीहरूले तीन प्रतिशत शिक्षा सेवा शुल्क बुझाउनुपर्छ ।

#### फेरिएको गन्तव्य

झन्डै एक दशकयता नेपाली विद्यार्थीको पहिलो रोजाइको गन्तव्य बनेको अस्ट्रेलिया गत आर्थिक वर्षमा भने तेस्रो स्थानमा सीमित भएको छ । अस्ट्रेलिया जान चाहने विद्यार्थी कम हुँदै गर्दा विद्यार्थीको ठूलो हिस्साको आकर्षणमा जापान परेको छ । अघिल्लो आव २०७९/८० मा कूल जारी भएका एनओसीमध्ये ३०.७७ प्रतिशत अस्ट्रेलियाका लागि रहेकामा गत आवमा यो संख्या १२.८० प्रतिशतमा सीमित भएको छ ।

त्यसैगरी, अघिल्लो आवमा १९.२८ प्रतिशतले जापान जानका लागि एनओसी लिएकामा यो संख्या गत आवमा बढेर ३०.९३ प्रतिशत पुगेर नेपाली विद्यार्थीको पहिलो रोजाइको गन्तव्य बनेको छ । अघिल्लो आवमा प्रमुख रोजाइको गन्तव्यमा तेस्रो स्थानमा रहेको क्यानडा गत आवमा दोस्रो स्थानमा उक्लिएको छ तर एनओसी लिनेको संख्या भने कम भएको छ । क्यानडा जानका लागि अघिल्लो आवमा १९.५४ प्रतिशतले एनओसी लिएकामा यो संख्या गत आवमा १४.२३ प्रतिशतमा सीमित रह्यो ।

(क्रमशः पृष्ठ २ मा)

### न्याय प्राप्तिमा संघर्ष

# फेरि सडकको बसाई

- कांग्रेसबाट बादशाह कुर्मी लुम्बिनीको मन्त्री बन्दा अधिकारकर्मी रुबी खान नेतृत्वको टोली धर्नामा
- बादशाहमाथि निर्मला कुर्मीको अपहरण गरेर बेपत्ता गरेको आरोप
- बादशाहलाई मन्त्री बनाएपछि खान नेतृत्वको बसाइ सडकमा



■ **जेबी योञ्जन**

**काठमाडौं–** सिमसिम पानी पर्दैछ । सेतो प्लाष्टिक ओढेर लस्करै बसेकी छिन्, महिलाहरू । यो बिहीबार काठमाडौंको माइतीघरमा देखिएको दृष्य हो । अधिकारकर्मी रुबी खान नेतृत्वमा नेपालगञ्जको परस्पुरदेखि आएका महिलाहरू निर्मला कुर्मीलाई न्याय माग्दै लगातार धर्नामा छिन् ।

बर्खायाम भएको हुनाले दिनहुँ पानी परिरहेको छ । तैपनि खान नेतृत्वको टोली पानीले भिजे पनि न्यायका लागि सङ्घर्ष गरिरहेको छ । उनीहरू गत ११ असारमा तत्कालीन गृहमन्त्री रवि लामिछानेसँग नयाँ सहमति गरी १८ दिने धर्ना र अनशन तोडेर घर फर्केका थिए । तर, त्यो सहमति डेढ महिना पनि टिकेन । लुम्बिनी प्रदेशमा कांग्रेसले निर्मलाको अहपरण र बेपत्ता पार्ने प्रकरणका आरोपी बादशाह कुर्मीलाई मन्त्री बनायो ।

यसपछि साउने झरीमा सरकारविरुद्ध धर्ना बस्न उनीहरू माइतीघर मण्डलामा आइपुगेका छन् । पूर्ववत् सहमति कार्यान्वयनमा सरकारले बेवास्ता गरेको पनि उनीहरूको आरोप छ ।

'निर्मला कुर्मी अपहरण, शरीर बन्धक तथा कर्तव्य ज्यानसम्बन्धी जाहेरीसँग सम्बन्धित अनुसन्धान शीघ्र निरूपण गर्न प्रहरी प्रधान कार्यालयमार्फत बाँके जिल्ला प्रहरी कार्यालयमा लेखी पठाउने', यही सहमति कार्यान्वयन नभएको र सरकारले बेवास्ता गरेको अधिकारकर्मी रुबीले बताइन् । बरु, निर्मला बेपत्ता काण्डका मुख्य आरोपी बादशाहलाई मन्त्री बनाएर पुरस्कृत गरेको भन्दै खान नेतृत्वको टोली आन्दोलित भएको हो ।

कांग्रेसले सांसद कुर्मीलाई मन्त्री बनाउने निर्णय गरेसँगै रुबि खान मात्र होइन, राष्ट्रिय मानवअधिकार आयोग र अधिकारकर्मीहरूले विरोध जनाएका थिए । तर, कुनै सुनुवाइ भएन । गम्भीर फौजदारी अपराधको आरोप लागेका कुर्मी मन्त्री नियुक्त भएपछि खान र सो घटनामा जाहेरी दिएका महिलाहरू आन्दोलनमा उत्रिएका हुन् ।

(क्रमशः पृष्ठ २ मा)

## अझै अत्तोपत्ता छैन निर्मलाको

निर्मला कुर्मी हालै लुम्बिनीमा मन्त्री भएका बादशाहका छिमेकी थिइन् । उनी हालसम्म बेपत्ता छिन् । निर्मलाका पति महालु कुर्मी बितेको २०६२ सालमै हो । यसपछि निर्मला दुई छोरासहित परस्पुरमै बसिन् । चार वर्षपछि २०६६ सालमा रहस्यमय ढंगले १० दिनको अन्तरमा उनका १४ र १८ वर्षका दुई छोराको मृत्यु भयो । पहिले कुनै समस्या नभएका उनीहरू एकाएक बिरामी परेर बिते । निर्मला एकल महिला भइन् । यसपछि बादशाह भने उनको सम्पत्ति हडप्न षड्यन्त्र लागे । जुन कुरा छरछिमेकीले समेत आशंका गरेका थिए ।

निर्मलाका पति र छोराहरूको नाममा साढे चार बिघा जग्गा थियो । सोही जग्गा हडप्ने प्रयासमा रहेका बादशाह भने पहिलो संविधानसभामा सदस्य थिए । उनै बादशाहले २०६६ सालमै पुत्रवियोगमा रहेकी निर्मलाको जग्गाको लालपुर्जा जबर्जस्ती खोसेर आफूसँग राखे । निर्मलाको जग्गा खेतजोत गर्ने रामरखेन धोबीसँग उनले लालपुर्जा खोसेका थिए । त्यस क्रममा उनले निर्मलालाई २० माघ २०६६ मा सार्वजनिक रूपमा लछारपछार पनि गरे । सोही घटनाले निर्मलाको सम्पत्ति नामसारी गराउन र उनलाई बेपत्ता पार्न पूर्वसांसद कुर्मीको योजनाबद्ध षड्यन्त्र रहेको आरोप लाग्यो ।

यसपछि रुबी खानलगायत अधिकारकर्मीले सो घटनाको विरोध गर्दै प्रदर्शन गर्न थाले । खान पनि परस्पुरकै हुन् ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भ: वैदेशिक रोजगार**

### अभिमुखीकरण तालिम प्रदायक संस्थामाथि कारवाही

# निलम्बन फुकुवा गर्न राजनीतिक लबिङमा व्यवसायी

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारीको लागि पूर्वप्रस्थान अभिमुखीकरण तालिम प्रदायक संस्थामाथि गरेको निलम्बन फुकुवाको लागि व्यवसायीहरू राजनीतिक लबिङ लागेका छन् । विभागले दुईहप्ता अघि तोकिएको मापदण्ड पालना नगरेको भन्दै कारबाहीस्वरूप ४६ वटा अभिमुखीकरण तालिम प्रदायक संस्थाको कारोबारमा रोक लगाउँदै निलम्बन गरेको थियो । तत्पश्चात व्यवसायीहरू विभिन्न दलका नेतादेखि मन्त्रीसम्मलाई भेटेर निलम्बन फुकुवाका लागि राजनीतिक लबिङमा जुटेका हुन् ।

विभागले तोकिए अनुसार तालिम सञ्चालन नगरेको भन्दै तालिमप्रदायक संस्थाहरूमाथि कारवाही स्वरूप तीन महिनाका लागि निलम्बन गरेको छ । विभागले गरेको निलम्बनले अन्याय भएको भन्दै व्यवसायीहरूले कारवाही फुकुवा हुनुपर्ने माग गर्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा पुनरावलोकनका लागि निवेदनसमेत दिइसकेका छन् । व्यवसायीहरू मन्त्रालयमा निवेदन दिएर मात्रै चुप बसेका छैनन्, उनीहरू विभिन्न पार्टीका नेता र मन्त्रीहरूलाई निलम्बन फुकुवाको लागि दवाव दिन भनसुनमासमेत सक्रिय रहेको एक व्यवसायीले बताए । यद्यपी निलम्बनमा परेका तालिम प्रदायक संस्थाका सञ्चालकहरूले केही दिन अगाडि विभाग घेराउ समेत गरेका थिए ।




नेपाली कांग्रेसनिकट व्यवसायीहरूले वैदेशिक रोजगार विभाग प्रमुख रहेका प्रकाश स्नेहीमार्फत गृहमन्त्री रमेश लेखकदेखि सभापति शेरबहादुर देउवासम्म आफुहरू मर्कामा परेकाले संस्थामाथि लगाइएको निलम्बन फुकुवाको लागि सम्बन्धीत मन्त्रालयलाई दवाव दिन कुरा गरिरहेको ती व्यवसायीले बताए । त्यस्तै एमाले निकट व्यवसायीले पनि प्रधानमन्त्री केपी ओलीसमक्ष आफ्नो समस्या हल गरिदिन खबर पुऱ्याइसकेको बताइएको छ । 'अहिले सबैतिर कुरा पुऱ्याउने काम भइरहेको छ, यसको परिणाम छिटै आउँछ, निलम्बन फुकुवा हुन तीन महिना कुर्नु पर्दैन,' अर्का एक व्यवसायीले भने, 'तर अहिले सबै कारोबार रोकेर अफठ्यारो पारिएको छ, तत्काल फुकुवा गर्नुपर्छ भन्ने हाम्रो माग हो ।' संस्थाहरूमाथिको कारवाही फुकुवा गर्न श्रममन्त्री शरत सिंह भण्डारीसमेत सकारात्मक भएको ती व्यवसायीको भनाई छ । उनका अनुसार मन्त्री भण्डारीले केही दिन पर्खिन आग्रह गरेका छन् ।

तलिमप्रदायक संस्थाहरूले विद्यार्थीहरूलाई तोकिएको अवधिभर कक्षा नलिने, कक्षा सञ्चालन नै नगरी हाजिरी मात्रै गराउने गरेको पाइएकाले कारवाही स्वरूप निलम्बन गर्नुपरेको विभागले जनाएको छ । विभाग र यस मातहतका निकायबाट गरिएको अनुगमनका क्रममा विद्यार्थीलाई नपढाईकनै हाजिरी गर्ने गरेको पाइएपछि कारबाही गरिएको विभागका महानिर्देशक डण्डुराज घिमिरेले बताए । कारबाहीमा परेका संस्थाहरूलाई तीन महिनाका लागि निलम्बन गरिएको र उक्त अवधिभित्र सुधार गरेको पाइए निलम्बन फुकुवा गरिने बताए । अनुगमनका क्रममा तालिम लिएको भनेर हाजिरी गर्ने गरेको पाइए पनि तालिम लिने मान्छे कोही पनि नभेटिएपछि उनीहरू कारबाहीमा परेको विभागले प्रस्ट पारेको छ ।

निलम्बन फुकुवाको लागि व्यवसायीहरू राजनीतिक लबिङमा लागेको भन्ने सन्दर्भमा आफुलाई कुनै जानकारी नभएको महानिर्देशक घिमिरेले बताए । 'तीन महिना सम्मको लागि निलम्बन गरिएको हो, नियम नमान्ने, गल्ती गर्ने जोसुकैमाथि विभागले कारवाही गर्छ,' उनले भने, 'विभागले आफ्नो काम गर्छ, को कहाँ जान्छ, के गर्छ त्यो हाम्रो सरोकारको विषय नै होइन ।' तीन महिनाको अवधिमा बायोमेट्रिक गर्ने, कक्षामा विद्यार्थी ल्याउने र पढाउने जस्ता मापदण्ड पुरा गर्नका लागि समय दिइएको भन्दै महानिर्देशक घिमिरेले तोकिएको अवधिमा सुधार गरे निलम्बन फुकुवा हुने र कतै धाउनु नपर्ने बताए ।

(क्रमशः पृष्ठ २ मा)




पृष्ठ १ बाट क्रमशः

## फेरि सडकको ...

स्थानीयस्तरमा गरिएको प्रदर्शनप्रति सरकार र सम्बद्ध दलहरूले बेवास्ता गरेपछि उनीहरू २५ साउनदेखि माइतीघर मण्डलामा धर्ना दिइरहेका छन् । 'सरकारले हामीसँग सो अपराधको यथाशीघ्र सीआईबीबाट अनुसन्धान गराएर मुद्दा अघि बढाउने सहमति गरेको छ । तर, चार वर्षसम्म उल्लेख्य प्रगति हुन सकेन । उल्टै मुख्य आरोपितलाई नै मन्त्री बनाइयो । लोकतन्त्रमा योभन्दा लाजमर्दो अरु के हुन्छ ?', उनले सोधे ।

देशको सबैभन्दा ठूलो दल कांग्रेस लोकतन्त्र, मानवअधिकार र कानुनी राज्यको पक्षधर हो भने अविलम्ब अभियुक्तलाई मन्त्रीबाट हटाउनुपर्ने उनको माग छ । कांग्रेस प्रतिपक्षमा हुँदा दण्डहीनता र महिला हिंसाको विरोध गरेको स्मरण गर्दै अधिकारकर्मी खानले गृहमन्त्री रमेश लेखकलाई निर्मला कुर्मी अपहरण तथा हत्या प्रकरणको छिटोभन्दा छिटो अनुसन्धान टुंग्याएर मुद्दा अदालतमा लैजान आग्रह गरिन् ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले अनुसन्धान गरिरहेको प्रहरी मुख्यालयको दाबीपछि अघिल्लोपटक रुबि र महिला अधिकारकर्मीहरू अरु नै माग लिएर काठमाडौं आएका थिए । गृह मन्त्रालयका अधिकारीले गरेको सहमति र आश्वासन पूरा भएका हुन्थे भने उनीहरू फेरि काठमाडौं धाउनुपर्ने थिएन । तर, महिला हिंसा, अपहरण र हत्याका घटनाको गहिरो अनुसन्धानको माग सम्बोधन नहुँदा चार वर्षमा पाँचौँपटक आन्दोलन गर्न काठमाडौं आउनुपरेको खानले बताइन् ।

यसअघि, निर्मलालाई न्याय दिलाउन उनीहरू २० दिन पैदल हिँडेर नेपालगञ्जबाट काठमाडौं आएका थिए । त्यसबेला माइतीघर मण्डलामा १९ दिन धर्ना बसे । त्यतिबेला पनि सहमति भयो तर, कार्यान्वयन भएन । सीआईबीबाट अनुसन्धान गराउनकै लागि अर्को ४२ दिन आन्दोलन गर्न बाध्य भए । सीआईबीसँग पनि अनुसन्धानको सहमति त भयो । तर अझै पनि त्यो अनुसन्धान टुंगिएर मुद्दा अदालत पुगेको छैन ।

सोहीकारण रूबी नेतृत्वको महिला अधिकार मञ्चले पाँच वर्षअघि १६ मंसिरमा निर्मला कुर्मीको अपहरण तथा शरीर बन्धक पारेको आरोपसहित पूर्वसांसद बादशाहसति आठ जनाविरुद्ध जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गराएको थियो । तर, जाहेरीउपर अनुसन्धान भएन । यसपछि अधिकारकर्मी र स्थानीय महिलाले आन्दोलन थाले । जुन आजपर्यन्त चलिरहेको छ ।

● ● ●

## अझै अत्तोपत्तो...

छरछिमेकी स्थानीय महिलाले निर्मलाको पक्षमा आन्दोलन चर्काउन थालेपछि स्थानीय प्रशासनले काठमाडौंमा रहेका तत्कालीन संविधानसभा सदस्य कुर्मीलाई बाँकेमा बोलायो र लालपुर्जा फिर्ता गर्न लगायो । निर्मला कुर्मी जीवित छँदै बादशाहले कुटपिट गरेको र सम्पत्ति हडप्न खोजेको उजुरीसमेत विभिन्न निकायमा दिएकी थिइन् ।

निर्मलालाई लछारपछार गरेको तीन वर्षपछि २०६९ सालमा उनको जग्गा नामसारी भएको देखिएको छ । निर्मलाको जग्गा अहिले बर्दिया धधवार बस्ने पार्वती विष्टको नाममा पुगेको छ । स्थानीय निजामुद्दिन इद्रिसीसँगको ३ लाख लेनदेनको मुद्दा अदालत पुगेर घरजग्गा लिलामी भई २०७१ सालमा इद्रिसीकी पत्नी जुविदाको नाममा पुगेको छ । अहिले सो जग्गा स्थानीय सन्तोष बर्माको कम्पनीमा काम गर्ने पूजा लामाको नाममा छ ।

यसबीचमा निर्मलाको स्थितिबारे बाँकेमा अनेकखाले अफवाह चले । उनी बिहे गरेर भारत गएको र त्यहीँ उनको मृत्यु भइसकेको भन्दै प्रहरीले यतिका वर्ष अनुसन्धानमा चासो देखाएन । तर, एकल महिलाका दुई छोरा रहस्यमय ढंगले १० दिनको अन्तरमा मृत्यु हुनु, लालपुर्जा खोसिनु र घरजग्गा तथा सम्पत्ति गुपचुप रूपमा नामसारी हुनुले गहिरो अनुसन्धान गर्नुपर्ने माग राख्दै खान र महिला अधिकारकर्मीहरूले आन्दोलन गरिरहेका छन् । प्रहरीले अनुसन्धानका लागि सीआईबी टोली पनि बनायो । तर, प्रतिवेदन बुझाएर मुद्दा अघि बढेको छैन ।

## बढ्दो विद्यार्थी...

अस्ट्रेलिया सरकारले लिएको नीतिका कारण त्यहाँ जाने नेपाली विद्यार्थीको संख्या कम भएको नेपाल शैक्षिक परामर्श संघ (इक्यान)का अध्यक्ष शेषराज भट्टराईको बुझाइ छ । तथ्यांकअनुसार गत आवमा उच्च शिक्षाका लागि कतार र युनाइटेड अरब इमिरेट्स (युएई) जान चाहने विद्यार्थीको संख्या पनि उल्लेखनीय छ । गत आवमा शिक्षा मन्त्रालयबाट कतारका लागि १६५ र युएईका लागि दुई हजार १४७ वटा एनओसी जारी भएका छन् ।

### दक्षिण कोरिया पनि प्राथमिकतामा

पछिल्लो समय दक्षिण कोरियामा पनि उच्च शिक्षाका लागि विदेशी विद्यार्थीको आकर्षण बढेको छ । शिक्षा मन्त्रालयका अनुसार गत आवमा मात्रै कोरियामा अध्ययन गर्न जानका लागि छ हजार ८८९ वटा एनओसी जारी भएका छन् । कोरियाले नै सन् २०२७ सम्ममा विदेशी विद्यार्थीको संख्या तीन लाख पुऱ्याउने लक्ष्य लिएको छ । यसअनुसार पछिल्लो समय दक्षिण कोरिया नेपालमात्रै नभई अन्य देशका विद्यार्थीका लागि रोजाइको गन्तव्य बन्दै गएको छ ।

कोरिया शैक्षिक परामर्श संघ, नेपाल (केइक्यान)का अध्यक्ष गणेश शर्मा दक्षिण कोरियामा गुणस्तरीय शिक्षा सस्तोमा पढ्न पाइने भएकाले नेपाली विद्यार्थीको आकर्षण बढेको बताउँछन् । उनका अनुसार अस्ट्रेलियालगायत देशको तुलनामा कोरियामा निकै सस्तोमा विश्वविद्यालयमा अध्ययन गर्न पाइन्छ । 'दक्षिण कोरियामा अस्ट्रेलिया र बेलायतलगायत देशको तुलनामा ८० प्रतिशतभन्दा बढी सस्तो शुल्कमा उच्च शिक्षा पढ्न पाउने सुविधा छ,' अध्यक्ष शर्माले भने, 'छ महिनामध्ये तीन महिना आंशिक र तीन महिना पूर्णरूपमा काम गर्न पाउने भएकाले पनि विद्यार्थीको आकर्षण बढेको छ ।'

हाल कोरिया सरकारले अध्ययन पूरा भएपछि छ महिनासम्म जागिर खोज्नका लागि अनुमति दिन्छ । जसलाई दुई वर्षसम्म बढाउन सकिने व्यवस्था छ । साथै सन् २०२५ देखि भने पढाइ पूरा भएपछि तीन वर्षसम्म कोरियामै रहेर काम खोज्न पाउने सुविधा थप गर्ने योजनामा त्यहाँको सरकार छ ।

### किन घट्यो अस्ट्रेलिया ?

नेपाल शैक्षिक परामर्श संघ (इक्यान)का अध्यक्ष शेषराज भट्टराई अस्ट्रेलियाले भिसामा कडाइ गरेकाले त्यहाँ जाने विद्यार्थीहरूको संख्या कम भएको बताउँछन् । उनका अनुसार त्यहाँको माइग्रेसन नीति, भिसामा कडाइ र आर्थिक दबाबका कारण विद्यार्थीहरूको संख्या घट्दो रहेको हो ।

अस्ट्रेलियन सरकारले कलेज तथा विश्वविद्यालयमा विदेशी विद्यार्थीका लागि ४० प्रतिशतको सीमा तोक्न लागेको छ । जसअनुसार शिक्षण संस्थाले वर्षमा अधिकतम् ४० प्रतिशतभन्दा बढी भर्ना गर्न पाउने छैनन् । यसले त्यहाँको श्रमबजारमा ठूलो असर पार्ने देखिएको छ । त्यसैले गर्दा अहिले अस्ट्रेलियामो यो चर्चाको विषय बनेको छ ।

अस्ट्रेलिया सरकारले वेबसाइटमा उपलब्ध गराएको पछिल्लो तथ्यांकअनुसार हाल ५६ हजार २९६ जना नेपाली विद्यार्थी भिसामा अस्ट्रेलियामा अध्ययन गरिरहेका छन् । यसमध्ये सबैभन्दा धेरै ३५ हजार ८९७ जना विद्यार्थी न्यु साउथ वेल्स राज्य र भिक्टोरिया राज्य सात हजार ९१३ जना विद्यार्थी छन् । उत्तरी क्षेत्रमा भने विदेशी विद्यार्थीमा नेपालीको संख्या सबैभन्दा बढी अर्थात् एक हजार ११५ छ ।

अस्ट्रेलियामा सबैभन्दा बढी चिनियाँ विद्यार्थीहरू एक लाख ५० हजार ७६७ र भारतीय विद्यार्थी एक लाख १६ हजार ६१० विद्यार्थी अध्ययनरत छन् । संख्याका हिसाबले नेपालीहरूको तेस्रो स्थनामा छन् । त्यसबाहेक फिलिपिन्स, भियतनाम, कोलम्बिया, थाइल्यान्ड, पाकिस्तान, इन्डोनेसिया र ब्राजिलका विद्यार्थी क्रमशः शीर्ष १० मा छन् ।

### विदेश जानबाट रोक्न सकिन्छ ?

शिक्षाविद् डा. विद्यानाथ कोइराला विदेश जान कसैलाई पनि रोक्न नसकिने बताउँछन् । उनीहरू किन जान्छन् भन्ने थाहा पाउने हो र सोहीअनुसार आवश्यकता पूरा गर्न सक्ने हो भने उनीहरू आफैं रोकिने उनको तर्क छ । 'दैनिक दुई हजार नेपाली विदेश जान्छन् भन्ने हो भने एक हजार २०० आउँछन् पनि । आउनेहरूको संख्या किन नभन्ने,' उनले भने, 'यसरी हेर्दा दैनिक ८०० मात्रै जाने रहेछन् ।'

उच्च शिक्षाका लागि विदेशी मुलुक जानेमध्ये ९० प्रतिशत कामका लागि र १० प्रतिशतमात्रै पढ्नका लागि जान्छन् भन्न सकिने उनको बुझाइ छ । यदि विद्यार्थीहरू काम र पैसाकै लागि जाने हो भने हामीले स्वदेशमै पैसा कमाउने सीप किन नसिकाउने, रोजगारी किन सिर्जना नगर्ने भन्नेतर्फ हामीले नसोचेको पो हो कि भन्ने उनको बुझाइ छ ।

डा. कोइराला नीति निर्माण तहमा बस्नेहरूमा पनि त्यस प्रकारको सोच नपाएको हो कि भन्ने शंका गर्छन् । 'हामीले १५औं योजनामा कहाँ चुक्यौं र १६औं योजना बनाउँदा के सुधार गर्नुपर्छ भन्ने खालको चिन्तनको कमी हो कि भन्ने लाग्छ,' उनले भने, 'नेपाली विद्यार्थी विदेश गए भन्ने तर विदेशबाट पनि कयौं विषय पढाउनका लागि विद्यार्थी ल्याउन सक्छौं भन्नेतर्फ किन नसोचेको होला भन्ने लाग्छ ।'

उनी 'ब्रेन डेन' भन्दा पनि अब 'रिगेन'को सोचबाट नीति बनाउने र कार्यान्वयन आवश्यक रहेको बताउँछन् । त्यसबाहेक संघीय, प्रदेश र स्थानीय तीनवटै तहले क्षेत्राधिकारका आधारमा नीति निर्माण र कार्यान्वयन गर्न सक्नुपर्ने उनको सुझाव छ । त्यसो त शिक्षाकै लागि यति ठूलो संख्यामा विदेश जानुपर्ने अवस्था नभएको जानकारहरू बताउँछन् । पछिल्लो समय नेपालकै कलेजहरूमा विभिन्न विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त भई कोर्स अध्यापन भइरहेकाले पढ्नकै लागि यति ठूलो संख्यामा विदेसिनुपर्ने अवस्था नरहेको उनीहरूको बुझाइ छ । यद्यपि केही कोर्सका लागि भने अझै पनि विदेश जानुपर्ने अवस्था छ । त्यो अवस्था नेपालमा मात्रै होइन, अन्य मुलुकमा पनि छ ।

संयुक्त अरब इमिरेट्स (युएई)ले सन् २०२८ सम्ममा छ हजार विद्यार्थीलाई अमेरिका र क्यानडामा विभिन्न कार्यक्रमका लागि पठाउनका लागि छात्रवृत्ति कार्यक्रम सुरु गरेको छ । खाटवा (राइजअप) छात्रवृत्ति कार्यक्रम सेप्टेम्बर २०२२ मा घोषणा गरिएको थियो । यसलाई आबुधावी शिक्षा र ज्ञान विभागद्वारा सञ्चालित यो कार्यक्रम ५२० मिलियन डलरको हो । यो कार्यक्रम विभिन्न शैक्षिक र सामाजिक पृष्ठभूमिका विद्यार्थीलाई लक्षित गरिएको हो ।

### कुन वर्षमा कति रकम बाहिरियो ?

केन्द्रीय बैंकका अनुसार आर्थिक वर्ष २०७१/७२ मा १८ अर्ब १० करोड रूपैयाँ, आव २०७२/७३ मा २० अर्ब १० करोड रूपैयाँ, आव २०७३/७४ मा ३५ अर्ब रूपैयाँ, आव २०७४/७५ मा ३८ अर्ब १० करोड रूपैयाँ रकम बाहिरिएको थियो ।

त्यसैगरी, आव २०७५/७६ मा ४६ अर्ब ३२ करोड रूपैयाँ, आव २०७६/७७ मा २४ अर्ब ८१ करोड रूपैयाँ, आव २०७७/७८ मा २४ अर्ब ९५ करोड रूपैयाँ, आव २०७८/७९ मा ६७ अर्ब ७० करोड रूपैयाँ, आव २०७९/८० मा एक खर्ब ४२ करोड रूपैयाँ र गत आवको जेठसम्म एक खर्ब १७ अर्ब एक करोड रूपैयाँ रकम बाहिरिएको छ । शिक्षाका नाममा बाहिरिने रकमको तुलनामा भ्रमणमा नाममा बाहिरिने रकमको अंश भने कम छ । केन्द्रीय बैंकका अनुसार गत आवको जेठसम्म भ्रमणका नाममा मुलुकबाट ५८ अर्ब रूपैयाँ बाहिरिएको छ । *रासस*

● ● ●

## निलम्बन फुकुवा...

प्रचलित कानुन अनुसार तालिम प्रदायक संस्थाहरूले वैदेशिक रोजगारीमा जाने कामदारहरूलाई अनिवार्य रूपमा दुई दिनको अभिमुखीकरण तालिम दिनुपर्ने हुन्छ । यस्तो अवस्थामा कतिपय संस्थाहरूले तालिम नदिइ हाजिरी मात्रै गराउदै आएको व्यवसायी स्वयम्ले स्वीकार्दै आएका छन् । अभिमुखीकरण तालिम दिने १४३ वटै संस्थाले तालिम दिने तरिका एउटै भएपनि विभागले पूर्वाग्रही राखेर ४६ वटा संस्थालाई मात्रै कारबाही गरेको व्यवसायीहरूको आरोप छ । कारबाहीमा पर्नेहरूमा अधिकांश काठमाडौं उपत्यकामा तालिम सञ्चालन गर्दै आएका संस्था छन् । काठमाडौं बाहेक धनुषा, बाँके, कास्की, गोर्खालगायतका जिल्लाका संस्थाहरू समेत रहेका छन् ।

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूलाई पूर्व प्रस्थान अभिमुखीकरण तालिम प्रदान गर्न १४३ वटा संस्थाहरू विभागमा सूचीकृत छन् । कारबाहीमा परेकाहरूलाई सुध्रिनका लागि विभागले मौका समेत दिएको छ । अर्को पटकको अनुगमनको क्रममा विगतकै समस्या दोहोरिएको खण्डमा ती संस्थाहरूलाई खारेज गर्ने विभागको तयारी छ ।


**युएईमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : NATIONAL SECURITY GUARDS LLC

पूर्व स्वीकृति मिति २०८०/१२/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/04/३१ | LT. No. 302993 | चलानी नं. ६०२१७८७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard/guard | 50 | 0 | 1200 | ४३,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ ७ गते (23rd Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NOVA INTERNATIONAL PVT. LTD.
श्रम इजाजत नं. १०१९/०६८/०६९
Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602
Email: info@novainternational.com.np, URL: www.novainternational.com.np



**लिलाम विक्रीको सूचना**

प्रथम पटक सूचना प्रकाशित मिति २०८१/04/३२

यस सा.व.उ.स. बाट संकलित खयर काठ ३५०.६७ क्युफिट (हर्ट उड) लिलाम विक्री गर्नुपरेकाले सूचीकृत उद्योगहरुलाई यो ३० दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीका लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

पोषवाराही सा.वन उपभोक्ता समूह, म्याग्दे- १, तनहुँ



**सवारी साधन लिलाम विक्री संबन्धि सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८१।०४।३२)

यस संस्थाको तपसिल बमोजिमको मोटरसाइकल हालकै अवस्थामा विक्री गरिने भएकाले खरिद गर्न इच्छुक व्यक्ति वा संस्थाले यो सूचना प्रकाशित भएको ३५ दिन भित्र संस्थाको कार्यालयमा कार्यालय समयमा शिलबन्धि बोलपत्र आह्वान गरिन्छ । बोलपत्र ३६ औं दिनको अपरान्ह ४ बजे खोलिने छ । बोलपत्र सदर वा रद्ध गर्ने सम्पूर्ण अधिकार संस्थामा निहित रहने छ । अन्य जानकारीका लागि संस्थाको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

सवारी साधनको विवरण

| मोटर साइकल नं. | विवरण | न्यूनतम मूल्य | बोलपत्र दाखिला गर्ने स्थान |
|---|---|---|---|
| बा ७० प. ४०२६ | होन्डा साइन | रु. ५५,०००।- | संस्थाको कार्यालय |

बागिना बचत तथा ऋण सहकारी संस्था लि.
तीनकुने, काठमाडौं, फोन नं. ५१९९३८१



**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

प्रथमटक प्रकाशित मितिः २०८१/04/३२

यस कम्पनीको मिति २०८१/०४/१३ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **न्यु पाथिभरा ताजाखबर मिडिया प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **प्रेस पास मिडिया प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/०४/२१ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **प्रेस पास मिडिया प्रा.लि.** (प्रा.लि.नं.१८४४६०) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।



**रिलायन्स फाईनान्स लिमिटेडको हकदावी सम्बन्धी ३५ दिने सूचना**

(प्रकाशित मितिः २०८१/०४/३२)

का.जि.का.म.न.पा. वडा नं. २५ बस्ने पुर्ण रत्न शाक्यको छोरा गुह्य रत्न शाक्यको मिति २०८१/०३/०९ गते मृत्यू भएकोले निजको नाममा यस संस्थामा रहेको बचत खाता नं. १०११२०११०००६०७ बन्द गरी उक्त बचत खातामा रहेको रकम पाउं भनी मृतककी श्रीमती नानी हेरा शाक्यले निबेदन दिनु भएको हुदां उक्त बचत खातामा रहेको निक्षेप उपर निज बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र अधिकारवालाले सबुद प्रमाण सहित दावी गर्नहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित समय भित्र कुनै पनि हकवालाको निबेदन नपरेमा माग बमोजिम रकम प्रदान गरिने व्यहोरा जानकारी गराईन्छ । साथै म्याद भित्र प्राप्त नभएको र रित नपुगेको हकदावीको निबेदन उपर कुनै कार्यवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड
Head Office: Reliance Bhawan, Kamaladi, Kathmandu
Tel: 01 5361104, 5323117, 5361041, 5361167 | www.reliancenepal.com.np
वित्तीय सेवाको अर्को परिभाषा



**इन्द्रकमल बचत तथा ऋण सहकारी संस्था लि.**
मध्यपुर थिमी-२, लोकन्थली, भक्तपुर फोन नं.६६३४८२

**१७औं वार्षिक साधारण सभा सम्बन्धी सूचना**


यस इन्द्रकमल बचत तथा ऋण सहकारी संस्थाको सञ्चालक समितिको मिति २०८१/०४/२७ गतेको निर्णयानुसार संस्थाको १७औं साधारण सभा देहायको मिति, समय र स्थानमा हुने र सो सभामा निम्न प्रस्तावहरु छलफल एवं निर्णयका लागि पेश गरिने भएकोले संस्थाका सबै शेयर सदस्यज्यूहरुलाई उपस्थितिका लागि हार्दिक अनुरोध छ ।

मिति, समय र स्थानः
मितिः २०८१ भाद्र २९ गते, शनिबार
समयः बिहान ८:१५ बजे
स्थानः कौशलटार प्यालेस, कौशलटार

छलफलका प्रस्तावहरुः
१. आ.व. २०८०/०८१ को वार्षिक प्रगति प्रतिवेदन ।
२. आ.व. २०८०/०८१ को आर्थिक प्रतिवेदन तथा आ.व. २०८१/०८२ को योजना तथा बजेट अनुमान ।
३. आ.व. २०८०/०८१ को लेखा परीक्षकको प्रतिवेदन ।
४. आ.व. २०८०/०८१ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन ।
५. आ.व. २०८०/०८१ को ऋण उप-समितिको प्रतिवेदन ।
६. आ.व. २०८०/०८१ को लागि लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण ।
७. आ.व. २०८०/०८१ का लागि प्रस्तावित नीति कार्यक्रम ।
८. साधारण सभाको निर्णय पुस्तिका रुजु गरी हस्ताक्षर गर्ने प्रतिनिधि चयन ।
९. विविध ।

आज्ञाले
कृष्ण बहादुर बुढाथोकी
सचिव


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

शुक्रबार, ३२ साउन, २०८१

**मेष** भविष्यका लागि सम्भावना खोजी गर्ने समय छ ।

**वृष** स्वास्थ्यका लागि आहार-विहारमा अलि सजग रहनुपर्नेछ ।

**मिथुन** प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ ।

**कर्कट** रोकिएका काम बन्नाले उत्साह जाग्नेछ ।

**सिंह** मिहिनेत गर्दा विशेष अवसर प्राप्त हुनेछ ।

**कन्या** फाइदा हेर्दा नाम बिग्रन सक्छ ।

**तुला** विभिन्न उपहार प्राप्त हुने समय छ ।

**वृश्चिक** अवसर भए पनि अध्ययनमा धेरै समय दिन नसकिएलो ।

**धनु** अवसरका साथ चुनौती पनि देखा पर्नेछन् ।

**मकर** मिहिनेतको प्रतिफल अरूले हत्याउने चेष्टा गर्नेछन् ।

**कुम्भ** पहिलेको आम्दानी प्राप्त हुनाले उत्साह जाग्नेछ ।

**मीन** मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

३२ साउन, २०८१ (१६ अगस्ट, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३४.०४ | १३४.६४ |
| युरो | १ को | १४६.३४ | १४६.९९ |
| पाउन्ड स्टिर्लङ | १ को | १७०.८४ | १७१.६१ |
| स्विस फ्रैन्क | १ को | १५५.०२ | १५५.७२ |
| अस्ट्रेलियन डलर | १ को | ८८.११ | ८८.५१ |
| क्यानाडियन डलर | १ को | ९७.५४ | ९७.९७ |
| सिंगापुर डलर | १ को | १०१.२३ | १०१.६८ |
| जापानी येन | १० को | ९.१२ | ९.१६ |
| चिनियाँ युआन | १ को | १८.६९ | १८.७८ |
| साउदी अरब रियाल | १ को | ३५.७१ | ३५.८७ |
| कतारी रियाल | १ को | ३६.७६ | ३६.९३ |
| थाई भाट | १ को | ३.८१ | ३.८२ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.४९ | ३६.६६ |
| मलेसियन रिङेट | १ को | ३०.३१ | ३०.४४ |
| दक्षिण कोरियन वन | १०० को | ९.८१ | ९.८५ |
| स्विडिस क्रोनर | १ को | १२.७२ | १२.७८ |
| डेनिस क्रोनर | १ को | १९.६१ | १९.७० |
| हङकङ डलर | १ को | १७.१९ | १७.२७ |
| कुवेती दिनार | १ को | ४३७.८० | ४३९.७६ |
| बहराइन दिनार | १ को | ३५५.६१ | ३५७.२० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### सर्वोच्चको स्वागतयोग्य आदेश

देशमा तीन तहको सरकार क्रियाशील छ । तर वातावरणलाई प्रत्यक्ष प्रभाव पार्ने गरी देशभर भइरहेको जथाभावी ढुंगा, गिटी र बालुवा उत्खनन कार्य रोक्न न संघीय सरकारले प्रभावकारी कदम चालेको छ, न प्रदेश र स्थानीय तहले । गैरकानुनी ढुंगा, गिटी र बालुवा उत्खननजस्ता प्राकृतिक स्रोतमाथिको जथाभावी दोहनले वातावरणीयलगायत विविध समस्या निम्त्याइरहेको छ । प्राकृति विपत्ति निम्त्याइरहेको छ । जनस्वास्थ्यमा प्रतिकूल प्रभाव पारेको छ । मुलुकको अर्थतन्त्रमा गम्भीर असर पुऱ्याइरहेको छ । यति हुँदाहुँदै पनि सरकारले प्रभावकारी कदम चाल्न सकेको छैन । कानुन नै बनाउन सकेको छैन भने भएका कानुनसमेत कार्यान्वयन गरेको छैन ।

यहीबीच सर्वोच्च अदालतले ढुंगा, गिटी र बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनका लागि आवश्यक कानुन बनाउन सरकारको नाममा निर्देशनात्मक आदेश गरेको छ । न्यायाधीशद्वय तीलप्रसाद श्रेष्ठ र अब्दुल अजीज मुलसमानको संयुक्त इजलासले २०८१ वैशाख १७ गते गरेको फैसलाको बुधबार सार्वजनिक गरेको पूर्णपाठमा उक्त कानुन बनाउन नेपाल सरकारको नाममा निर्देशनात्मक आदेश दिएको उल्लेख छ । फैसलाको पूर्णपाठमा भनिएको छ, 'हालसम्म क्रसर उद्योग सञ्चालन तथा व्यवस्थापन गर्नका निम्ति कुनै कानुनी व्यवस्था भएको नदेखिँदा ढुंगा, गिटी, बालुवा उत्खनन गरी क्रसर उद्योग सुव्यवस्थितरूपमा र वातावरणमैत्री रूपमा सञ्चालन हुने सुनिश्चितताका लागि ढुंगा, गिटी र बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनका लागि आवश्यक कानुन बनाउनु भनी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंका नाममा निर्देशनात्मक आदेश जारी गरिदिएको छ ।'

अदालतले तथ्य, कानुनी व्यवस्था र यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको आधारमा ढुंगा, गिटी र बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ लाई संशोधन गर्नेगरी नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७९ जेठ ६ मा पारित ढुंगा, गिटी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०७९ उक्त मापदण्डको दफा ४(१.०) र दफा ११(१) को हदसम्म उत्प्रेषणको आदेशले बदर गरेको छ । अदालतले ढुंगा, गिटी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड २०७९ लाई बदर गरी २०७७ लाई कायम गरेको छ । उक्त ऐनमा क्रसर उद्योग सञ्चालन गर्दा दूरीसम्बन्धी मापदण्ड पालना गर्नुपर्ने व्यवस्था गरेको छ ।

सर्वोच्च अदालतको यो निर्देशनात्मक आदेश स्वागतयोग्य छ । सरकारले यसको पालना गर्दै तत्काल कानुन निर्माण गर्न जरुरी छ । जथाभावी प्राकृति स्रोतमाथिको दोहन रोक्नु सरकारको दायित्व हो । त्यसैले अदालतको आदेश पालना गर्दै आवश्यक कानुन बनाई कार्यान्वयनमा ल्याउन तत्काल अग्रसर हुनुको विकल्प छैन ।

## मनन्योग्य

### चाणक्य नीति

त्रिनेत्र-सम्पूर्ण प्रयत्न विफल भइरहेछन् । चन्द्रगुप्तको कुरा मुखबाट निक्लिदै नागरिक आइलाग्छन् । सोच्दासोच्दै कसरी रात बित्यो, कतिखेर सूर्योदय भयो, थाहै भएन चाणक्य अधीर हुँदै यताउता टहल्दै थिए । चन्द्रगुप्त र त्रिनेत्र मात्र उत्कण्ठाले हेरिरहेथे । धेरै समयपछि अचानक उनको वाक्य फुट्यो, त्रिनेत्रलाई भने-'आँधी आउनुभन्दा पहिल्यै त्यसलाई रोक्नुपर्छ, तिमी व्यापारी, नागरिक, रेखदेख गर्ने, मदिरा बेच्ने आदि भेषमा र साधुका भेषमा समेत आफ्ना गुप्तचर लगाऊ । छिमेकी राज्यमा पनि विश्वस्त साथीहरूको जाल फैलाऊ, मिनेट मिनेटको खबर प्रत्येक रातमा मैले पाउनुपर्छ । अनि प्रजामा पनि यो समाचार फैलाऊ कि चन्द्रगुप्त धेरै परिश्रमले गर्दा अस्वस्थ छन्, अतः राज्याभिषेक केही दिनका निम्ति स्थगित गरिएको छ ।'ध

यो आदेश पाएर त्रिनेत्र हिंडे । महामात्य शकटारलाई बोलाई यही सूचनाको भ्याली पिटाउन निर्देशन गरे । त्यसपछि चाणक्यले चन्द्रगुप्तपट्टि फर्किंदै भने- 'देख्यौ तिमीले ! वास्तविक युद्ध अब हुन्छ । राक्षसको अनुपम बुद्धि-चातुर्यले पाइला-पाइलामा हाम्रा लागि षड्यन्त्र खडा गर्छ । यस किसिमको षड्यन्त्रमा विजय पाउन केवल बुद्धि र विवेकबाट मात्र सम्भव छ ।' एक गुप्त कोठा, चारैतिर विश्वासी सैनिकको पहरा छ । सुनले बनेका दुई सिंहासनमा चन्द्रगुप्त र चाणक्य आमने-सामने बसेका थिए ।

चाणक्यले सम्झाउँदै भने- 'अब शोक नगर, राज्यका लागि सचेत होऊ । राजाको एउटा खुट्टा श्मशानमा र अर्को खुट्टा सिंहासनमा हुनुपर्छ । यस्तो हुने राजालाई रुने समय मिल्दैन न त धेरै हाँस्ने समय नै हुन्छ । जब धेरै रुन्छ वा हाँस्छ तब शत्रुलाई आक्रमण गर्ने मौका मिल्छ ।'

चन्द्रगुप्त संशय व्यक्त गर्दै भन्दछन्- 'शोकमा रुनु र हर्षमा हाँस्नु स्वाभाविक हो महात्मा !'

'होइन, शोकमा रुने र हर्षमा हाँस्ने कुरा जसले लुकाउँछ, त्यसले कहिल्यै पनि पराजयको अनुभव गर्नुपर्दैन । शोक अर्काका लागि उपहास बन्छ, हर्ष आफ्ना लागि पीडादायक हुन्छ । अतः पत्थर (ढुंगा) जस्तै कठोर तिमीले बन्नुपर्छ ।'

# नौ संयोजनको पर्वः गुँला



■ पदम श्रेष्ठ

' गुँला पर्व राजा वृषदेवभन्दा चार पुस्ता अघिका राजा पुष्पदेवको राज्यकाल (१९०० वर्षअघि) देखि मनाउन थालिएको कथन छ । यस पर्व अवधिभर उपत्यकाका विहार-महाविहार सार्वजनिक गरी नौवटै बौद्धशास्त्र नवव्याकरण (प्रज्ञापारमिता, गण्डव्यूह, दशभूमिश्वर-समाधिराज, लंकावतार, सद्धर्मपुण्डरिक, सुवर्ण प्रभास, ललितविस्तर तथा गुह्यतन्त्र) पाठ गर्दै विहार परिक्रमाका साथ दान दिने, लिने परम्परा रहेको छ । '

प्रत्येक वर्ष श्रावण शुक्ल प्रतिपदादेखि भाद्र शुक्ल प्रतिपदा (पारु)सम्म एक महिना स्वयम्भू महाचैत्यलाई मूल मानी नेपाल मण्डल उपत्यकाभरका बौद्धस्थलमा धार्मिक यात्रा भ्रमण गर्ने गरिन्छ । गुँला पर्व भनिने यो पर्व प्रेम, करुणा, व्यायाम, संगीत, मनोरञ्जन, अनुगमन भ्रमण र पुनर्निर्माणलगायत नौ उद्देश्य प्राप्तिका लागि मनाइन्छ । नेपाल संवत्को नवौं महिनामा पर्ने र नौवटै धार्मिक तथा सांस्कृतिक उद्देश्य सांगीतिकरूपमा मनाइने भएकोले पनि यस पर्वलाई गुँला पर्व भनिएको बताइन्छ । बुद्ध भन्नासाथ धेरैजसो सर्वसाधारणले सिद्धार्थ गौतम बुद्धलाई ठान्ने गर्दछन् तर २८ मानव बुद्धमध्ये आदिबुद्ध दिपंकरको स्मरणमा दान महिमालाई उँचो राख्दै मनाइन्छ, गुँला पर्वमा ।

गुँला पर्व राजा वृषदेवभन्दा चार पुस्ताअघिका राजा पुष्पदेवको राज्यकाल (१९०० वर्षअघि) देखि मनाउन थालिएको कथन छ । यस पर्व अवधिभर उपत्यकाका विहार-महाविहार सार्वजनिक गरी नौवटै बौद्धशास्त्र नवव्याकरण (प्रज्ञापारमिता, गण्डव्यूह, दशभूमिश्वर-समाधिराज, लंकावतार, सद्धर्मपुण्डरिक, सुवर्ण प्रभास, ललितविस्तर तथा गुह्यतन्त्र) पाठ गर्दै विहार परिक्रमाका साथ दान दिने, लिने परम्परा रहेको छ ।

यसरी प्राप्त दान (खाने, पिउने, लगाउने र नगद) लाई शाक्य, बज्राचार्य, फुवरे (ज्यापु) हरूबाट आफ्नो जीविकोपार्जनका साथसाथ विहार, चैत्य निर्माणमा लगानी गरिन्छ । काठमाडौं र कीर्तिपुरमा प्रत्येक वर्ष श्रावण शुक्ल त्रयोदशीका दिन पञ्चादान हुने गर्दछ । काठमाडौंको ठमेलबाट सुरु हुने पञ्चदान क्वाःवहाः, झ्वाःवहाः, तँलाछी, धोका वहाः, गँवहाः, नघवहा, न्हूवहाः बांगेमुढा, असन, दगुवहा, तछेंवहाः, जनवहाः, इटुम्वहा, मूवहा, चिधँवहाः, इन्द्रचोक, मखवही, लायकुवही, मरु पिगँननी, चिंकमूहुँदै मञ्जुश्री परिक्रमा गरिन्छ भने मञ्जुश्री इकुवहाः, लगन, तःवहाः, यंगावही, ओमवहाः न्हुसा, पुलाभन्साहुँदै नच्छेगल्ली पुग्दछ ।

बिहानै सुरु हुने पञ्चदान टेबहाल, दुगँवही, सवलबहाः, महाबौद्धहुँदै साँझ जमल विहारमा पुगी सम्यक् भोजमा परिणत हुने गर्दछ । पञ्चदानबाट प्राप्त दान जीविकोपार्जनका लागि हो तर यसबाट संकलित रकमलाई सामाजिक कार्यका लागि पनि खर्च गरिन्छ । नेपाल संवत्को नवौं महिना गुँलामा बौद्धशास्त्रको नवव्याकरण पढिन्छ भनिएजस्तै नौवटा बाजाहरू धाः, धिमे, नगरा, नायखिं, दमखीं, दवहव, मृदंग धोधोचा र क्वचाखिं बजाउँदै विहार परिक्रमा गरिन्छ । नेपाल कृषिप्रधान देश भएकोले कृषि कर्म सकिएलगतै फुर्सदको समय पारी बाढीपहिरोबाट के-कति भत्काए बिगारेको छ र के कति वहाबही बाटोघाटो बनाउनुपर्ने छ हेर्नसमेत गुँला पर्व मनाउने गर्दै आइरहेको पाइन्छ ।

यो त व्यावहारिक कुरा भयो तर मूलरूपमा गुँला पर्व किन र कहिलेदेखि मनाउन थालिएको हो त ? भन्नेबारे प्रचलित आख्यान रहेको छ ।

### श्रृंगभेरी नेकुजात्रा

गुँला पर्वको बेलामा बजाइने नौ बाजाहरूमा राँगाको सिङलाई पहिलो प्राथमिकतामा राखी बजाउँदै बौद्धस्थल परिक्रमा गर्नुलाई नेकुजात्रा भनिन्छ । लिच्छवि राजा बालार्चनदेवद्वारा थालिएको मतया नेकुजात्रा राजा सिद्धिनरसिंह मल्लले पुनःजागृत गरेको विश्वास गरिन्छ ।

नेपाल संवत्को नवौं महिना, नौ प्रकारकै बाजा मतयाः जात्रामा बजाइने नेकुबाजा हुने गर्दछ । नेकु भन्नाले सिङ हो । यस बाजालाई श्रृंगभेरी पनि भनिन्छ । यस प्रकारको नौ बाजामा मुख्य धाःबाजा हो । त्यसपछि धिमेय, नाय्खिं, दमःखिं मृदंगा, ढोलक, डमरु, कोंचाखिं, नगरा, ढ्यांग्रो दःयो, मगःखि, ज्वःनगरा, खंचरी, काशी बाजा, दक्षिण बाजा, खिं र डबडब (डमरु) आउँछन् । उल्लिखित बाजाको साथमा पञ्चताल पयताः र राँगाको घुम्रिएको सिङलाई विशेष तरिकाले सिँगारी नेकुबाजा बनाइएको हुन्छ ।

एक प्रसिद्ध आख्यानुसार सिंहकेतु राजाको कार्यकालमा शशिपत्तन नगरमा रानी सुलक्षणा अति धर्मकर्ममा विश्वास गर्थिन् । तर, राजा सिकार खेली निर्दोष पशुपन्छीको हत्या गर्ने, माछा, मासु, जाँड, रक्सी खाने कारण रानीले धेरै सम्झाउँथिन् तर राजाले कसैको कुरा सुन्दैनथे । जति भन्दा पनि नमान्ने राजाको छिट्टै कालगतिको कारण मृत्यु हुन्छ । केही वर्षपछि रानीको पनि मृत्यु हुन्छ । पशुहत्याको विपाकको कारण राजा एक ब्राह्मणको घरमा राँगाको रूपमा जन्मन पुग्छन् भने रानी ब्राह्मणकी छोरी रूपमतीको रूपमा जन्मिन्छिन् ।

ब्राह्मणपुत्री रूपमती धर्मात्मा मात्र नभई ध्यानी, ज्ञानी र पूर्वास्मृति ध्यानमा पनि पोख्त थिइन् । एक दिन यसरी नै ध्यान बसिरहेको बेला घरको राँगा त आफ्नै पूर्वजन्मका श्रीमान् राजा सिंहकेतु भएको थाहा पाउँछिन् । त्यो कुरो थाहा पाई आफ्नो पूर्वपत्नी धर्म निभाउँदै राँगाको ठूलो सेवा गर्छिन् । भनिन्छ- संगतअनुसार पनि सुख, दुःख भोग्नु अनिवार्य पर्दछ । रानीको शुभ कर्मको कारण राँगाको जुनीमा पनि राजाले ठूलो सेवा स्याहार त पाइन् तर आफ्नै कूकर्मको फल त मान्छेले भोग्नै पर्दछ । पूर्वजुनिका राजा राँगा पनि अचानक भीरबाट खसेर मर्दछ । पूर्वानुस्मृति शक्तिको कारण वर्तमानमा मृतक राँगाको मुक्तिको कामना गर्दै रानी वर्तमानमा ब्राह्मणपुत्री रूपमतीद्वारा हाडखोर जम्मा गरी बुद्धचैत्य निर्माण र राँगाको सिङ बाजा बनाएर नेकु बाजाको साथ अन्य बजा पनि बजाएर बुद्ध विहार चैत्य सेवामा जाने प्रचलन चलेको विश्वास गरिन्छ । यस सन्देशलाई आत्मसात् गर्न ललितपुरमा गुँला एक महिना श्रृंगभेरी, नेकुजात्रा र दीपयात्रा हुँदै आइरहेको छ ।

### १० टोलको श्रृंगभेरी यात्रा पालैपालो

पाटनको चक्रवही, इखाछें बुबहाल, हौग, वकुवहाः, इखालखु, कोवहाः, सौगः, नःवही, मंगःप्याल गरी १० टोलले पालैपालो प्रत्येक वर्ष नेकुजात्रा-मतयाः जात्राको पालो लिन्छन् । बुद्ध चैत्यस्थलमा राँगाको सिङ बजाउँदै नगरपरिक्रमा गर्ने हुँदा यस पर्वलाई मतया-नेकुजात्रा भनिएको हो ।

यसै क्रममा पाटनबासी बौद्ध धर्मावलम्बीहरू गाईजात्राको भोलिपल्ट पनि पालोवाल टोलमा जम्मा भई बिहान ६ देखि साँझ झन्डै ७ बजेसम्म १२ घण्टा देवताको नाउँमा धूप, दीप, नैवेद्य, चौमरी, मतया मरी, हयुदिवा, कपुर, दक्षिणा, अबिर, अक्षता, हलः, अमला आदि चढाउँदै मृतात्माका लागि शान्तिको कामना गर्नु यस बाजा पर्वको विशेषता हो । कोही- त बुद्धस्थलमा जीउ नापेर परिक्रमा गर्ने, कसैसँग नबोल्ने व्रतसमेत गर्दछन् । मतयाःमा एकातिर राँगाको सिङ नेकुबाजा र अर्कोतर्फ ज्यापु समुदायद्वारा बाँसुरी, ढोलक, मगःखि बजाई भजन गाउँदै देश परिक्रमा गर्नु कम रोचक हुँदैन ।

गथामुगल, नागपञ्चमी, क्वाटीपूर्णिमा (जनैपुर्णिमा), गाईजात्रा (नेकु जात्रा, वहिद्यो व्वयगु (कृष्णाष्टमी), बुबाको मुख हेर्ने, पारु भोय्, वर्षावास समाप्ती, पञ्चदान पनि यही गुँला पर्वभित्रै मनाइने गरिन्छ । कृषि कर्मलगत्तै गठामुगलसँगै सुरु हुने गुँला पर्वको सात्त्विक अर्थ गुणैगुणले भरिएको असल कर्म गर्ने एक महिने पर्व हो । गुँला पर्वका बेला कतिपय भक्तजनहरूले माछा, मासु, जाँड, रक्सी, लागुपदार्थ छोड्ने प्रतिबद्धता जाहेर गर्दछन् भने कतिपयले नयाँ कामको थालनी यही गुँला पर्वदेखि थाल्ने पनि गर्दछन् । थेरवादी भिक्षुहरू तीन महिनासम्म एउटै विहार गुम्बामा वर्षावास बसिरहेका हुन्छन् भने गृहस्थ उपासक उपासिकाहरूले कृषि कर्म सिध्याएर विहार महाविहारको अवस्था बुझ्ने, बाटोघाटो बनाउनु पर्ने हो कि भनेर परिक्रमा गर्ने अवसर पनि हो, गुँला पर्व । नामसंगिति पाठ गर्दै विहार महाविहार परिक्रमा गर्ने बेला कुनै-कुनै विहार महाविहरमा रहेका प्राचीन पौभाः थाङ्का, प्राचिन दस्ताबेजहरूपनि सार्वजनिक गर्ने परम्परा रहेको पाइन्छ । यो दस्तावेज सुरक्षित अवस्थामा छ छैन भनेर सर्वजनिक गर्नका लागि पनि गुलाँ पर्व मनाइएको हो भन्ने कथन पाइन्छ ।

## पत्र-मञ्जुषा

# मन्दी र चर्को भाडाका कारण पलायन हुँदै व्यवसायी

कुनै पनि व्यापार व्यवसाय सञ्चालन गर्नका लागि सम्बन्धित निकायमा दर्ता हुनुपर्छ । व्यापार व्यवसाय वा कम्पनी सञ्चालन गर्नुपरेमा पहिला सम्बन्धित निकायमा सबै प्रक्रिया पुऱ्याएर दर्ता गर्नुपर्छ । झण्डै तीन वर्षअघि मानिसहरूको कम्पनी रजिस्ट्रार कार्यालय, उद्योग विभाग, स्थानीय तहलगायत सरकारी निकायमा व्यापार व्यवसाय सञ्चादन तथा कम्पनी खोल्नका लागि दर्ता गर्न भीड देखिन्थ्यो ।

तर, अहिले ठ्याक्कै यसको उल्टो भएको छ । आर्थिक मन्दीका कारण व्यापार व्यवसाय ठप्प भएपछि अधिकांश व्यवसाय बन्द गर्न सम्बन्धित निकायमा धाइरहेका छन् । कतिपय त डुबेपश्चात् सम्बन्धित निकायमा व्यवसाय नै बन्द नगरी पलायन भएका छन् । यतिमात्र होइन, बजारमा हाल रहेका व्यापारी तथा व्यवसायहिरूसमेत पलायन हुने सुरसारमा छन् । व्यापार व्यवसायमा पूरै मन्दी छ ।

कमाएको पैसाले बिहान-बेलुकाको छाक टार्न त धौधौ परिरहेको अवस्थामा कसरी सटर, कोठा भाडा तिर्ने ? कसरी राज्यलाई कर तिर्ने ? यसैले सबै बाटो बन्द भएको देखिएपछि मानिसहरूले आफूले वर्षौंदेखि गर्दै आएको व्यापार व्यवसायसमेत त्यागेका छन् । त्यसमध्ये पनि कतिपयले जरिवाना लाग्ने डरले सम्बन्धित निकायमा गई कानुनी प्रक्रिया पुऱ्याएर व्यवसाय बन्द गराएका छन् भने कतिपयले व्यापार व्यवसाय बन्द गरे पनि कानुनसम्मत गरेका छैनन् ।

यता, कतिपयले हाल पनि दर्ताविना नै व्यापार व्यवसाय तथा कम्पनी सञ्चालन गरिरहेका छन् । व्यापारी तथा व्यवसायीहरू पलायन हुनुमा राज्यभन्दा घरधनीहरू दोषी रहेको बताइन्छ । यस्तो आर्थिक मन्दीका बीच पनि घरधनीहरूले सटरभाडा नघटाउँदा र उल्टै बढाउँदा आफूहरू पलायन हुनुपरेको अधिकांश व्यापारी तथा व्यवसायीहरू बताउँछन् । ग्राहकहरू जहाँ सस्तो पाइन्छ, त्यहीं सामान किन्न जान्छन् ।

अनि घरधनीको महँगो भाडा व्यापारीहरू सामानमा जोड्छन् । यसले सामानको मूल्य महँगो भएपछि कोही पनि किन्दैनन् । अहिले पनि घरधनीहरूले ठाउँअनुसार एउटै सटरको मासिक भाडा २० हजारदेखि १९ लाखसम्म लिएको सुनिन्छ । एउटा कोठाको आठ हजारदेखि २५ हजार र एक फ्ल्याटको ३५ हजारदेखि तीन लाखसम्म लिएको बताइन्छ । झन् खाली सटर त २० लाखदेखि ६० लाखसम्ममा बेचबिखन गरिने गरेको छ ।

घरधनीहरू भाडा घटाउँदैनन्, यत्रो महँगो भाडा तिर्न व्यापार व्यवसाय ठप्प छ, अनि व्यापारीहरू बाध्य भएर व्यापार व्यवसायबाटै पलायन भएका हुन् । देशमा सरकार छ । तर, सम्बन्धित निकायहरू कोठा, सटर र फ्ल्याटको भाडा निर्धारण गर्दैनन् । सरकारले नै भाडा निर्धारण गरिदिए आमसर्वसाधारण तथा व्यापारीहरूलाई पनि सहुलियत हुन्थ्यो । उपभोक्ताले पनि सस्तोमा सामान पाउँथे । अर्कोतर्फ, राज्यलाई पनि घरबहाल कर आउँथ्यो । अहिले घरधनीहरू डेराबहालसँग महँगो भाडा असुल्छन् तर राज्यलाई घरबहाल कर तिर्दैनन् ।

घरबहाल कर तिर्नुपरेमा घरमा आफन्त बसेको, घर खाली रहेको वा भाडामा लगाएकोभन्दा आधा मूल्य कम देखाउँछन् । घरधनीहरूले भाडा बढाउनेबित्तिकै व्यापारी तथा व्यवसायीहरू म्याद सकिएको, गुणस्तरीय वा कमसल सामान पनि महँगोमा बेच्छन् । किनकि उनीहरूलाई घरधनीलाई भाडा तिर्नुसँगै नाफा पनि कमाउनु छ । अहिले व्यापारी तथा व्यवसायीहरू भन्छन्, 'अब राज्यलाई कर तिर्न सक्दैनौं ।'

व्यवसायबाटै पलायन हुनुपर्ने अवस्था निम्तिएको भन्दै उनीहरू भन्छन्, 'घरधनीहरू भाडा घटाउँदैनन् । व्यापार व्यवसाय ठप्प छ । अनि कसरी हामीले सटर, कोठा भाडा तिर्ने ? कसरी राज्यलाई कर तिर्ने ? कसरी जीविकोपार्जन गर्ने ?' हाम्रो देशमा उद्योग, कारखाना केही छैन । व्यक्तिदेखि बैंक, वित्तीय संस्थाकै लगानी यही घरजग्गा, गाडी र सेयरमा छ । जग्गा दलालीहरूले खेतीयोग्य जमिन खण्डीकरण गरेर रोपनीको पाँच हजार नपर्ने जमिन आनाकै लाखौं रूपैयाँमा बेचिदिए ।

छिट्टै नाफा हुने आशामा व्यक्तिदेखि बैंक तथा वित्तीय संस्थाले यहीं लगानी गरे । अहिले घरधनीहरूले एउटै घरमा करोडदेखि अर्बौं रूपैयाँ लगानी गरेका छन् । भाडामा लगाएर मासिक लाखदेखि करोड रकम उठाउँछन् । तर, लगानी र आम्दानीबापतको राजस्व राज्यलाई तिर्दैनन् । यता, एकपटक घर बनाएपछि सयौं वर्षसम्म त्यो घरको पूर्वाधार चेकजाँच गरिँदैन । घर न त घरेलुमा दर्ता गरिएको हुन्छ न त कम्पनीमा नै । पञ्जीकरण त परको कुरा भइगयो ।

व्यापार व्यवसाय नभएपछि भाडा तिर्न नसकेर अहिले व्यापारीहरू रातको समयमा भाग्ने गरेका छन् । कतिपय त सामान नै छोडेरसमेत भागेको पाइन्छ । यता, आमसर्वसाधारणको पनि यस्तै हालत छ । काम गरेको ठाउँबाट तलब नदिएपछि भाडा तिर्न नसकेर उनीहरू पनि कि त रातको समयमा भागिरहेका छन् कि त सामानै छोडेर । घरधनीह भाडामा बस्नेको आम्दानी होस् या नहोस्, उनीहरूलाई जसरी भए पनि भाडा चाहियो । चाहे त्यो चोरेर वा ठगेर नै किन नल्याइसोस् ।

भाडामा बस्नेमाथि अन्याय, अत्याचार गर्छन् । काम गरेको ठाउँमा मन्दी भयो भनेर तीन महिनादेखि वर्षौं दिनसम्मको तलब दिइएको छैन । तर, घरधनीहरू चाँहि महिना मर्न नपाई भाडा माग्छन् । कतिपयले अग्रिम भाडा भन्दै पैसा असुल्छन् । यता, बत्ती, पानी, फोहोर इन्टरनेटको पैसा पनि घरधनीहरू जति भन्छन्, त्यति नै तिर्न डेराबहालहरू बाध्य छन् । अहिले बजारमा आमसर्वसाधारण तथा व्यापारी भन्छन्, 'अब घरधनीलाई भाडा नतिरौं । राज्यलाई पनि कर नतिरौं ।' आफूहरू पनि नेपाली नागरिक नै भए पनि राज्यले घरधनीहरूका लागि मात्र काम गरिरहेको उनीहरूको आरोप छ । आफ्नै देशमा केही गर्छुभन्दा समेत घरधनीहरूको चर्को भाडा अनि राज्यकोसमेत असहयोगले विदेश पलायन हुन बाध्य पारेको धेरैको गुनासो छ ।

**– रूपेश निरौला, कोटेश्वर**

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**बुङ झरना** | चक्रीय अन्नपूर्ण पदमार्ग छेउमै रहेको लमजुङ मर्स्याङ्दी गाउँपालिका-४ स्थित बुङ झरना । यस झरनाले विदेशी तथा स्वदेशी पर्यटकलाई आकर्षित गरिरहेको छ । *तस्बिरः जनक श्रेष्ठ/रासस*

# टीकापुर अस्पतालमै सर्जरी सेवाले बिरामीलाई राहत

■ **दुर्गा देवकोटा**



**टीकापुर–** कैलालीको टीकापुर अस्पतालमा ‘सर्जरी’ सेवा सुरुआत भएपछि यस क्षेत्रका बिरामीलाई अन्यत्र जानुपर्ने अवस्था अन्त्य भएको छ । अस्पतालमा विगत दुई वर्षदेखि शल्यचिकित्सकका विशेषज्ञको सेवा सञ्चालनमा छ । दुई वर्षमा ‘जनरल सर्जन’तर्फ एक हजार ३७० को शल्यक्रिया भएको छ । अस्पतालमा जटिल प्रकृतिका शल्यक्रिया भएको अस्पतालले जनाएको छ । अस्पतालमा शयचाको संख्या र परीक्षण गर्ने उपकरणको पर्याप्त व्यवस्था भएको भए यो संख्या अझ बढी हुने चिकित्सक बताउँछन् ।

टीकापुर अस्पतालका शल्यचिकित्सक नवीनचन्द्र भट्टले आफ्नो सेवा सुरुआत गरेसँगै अस्पतालमा शल्यक्रिया सेवा सुरुआत भएको हो । उनले २०७९ असारदेखि अस्पतालमा आफ्नो सेवा थालेका थिए । उनका अनुसार अस्पतालमा सामान्य, मध्यम र जटिल शल्यक्रियाको सेवा दिने गरिएको छ । दुई वर्षका अवधिमा सामान्य शल्यक्रिया ६०० जनाको गरेको अस्पतालले जनाएको छ । ‘सामान्य शल्यक्रिया ६०० जति भएका छन् भने १५० जनाको एपेन्डिसाइटिसको शल्यक्रिया गरिएको छ,’ उनले भने, ‘पित्तथैलीको पेट काटेर ७५ जनाको शल्यक्रिया गरिएको छ । दुरबिनबाट ३२, ल्याप्रोस्कोपी विधिबाट प्वाल पारेर दुई शल्यक्रिया भएका छन् ।’

जटिल खालका शल्यक्रियामध्ये ‘एपेन्डिक्स’ फुटेका तीन, स्तनको गाँठागुठी र स्तन क्यान्सरको ३२, पेटमा ‘सिस्ट’ पलाएको चार, बच्चाको ‘हर्जिनोटोमी’ ४२ भएको पनि डा. भट्टले जानकारी गराए । यसैगरी हर्निया २००, फिस्टुला ३६, पाइल्स ४५, दिसा गर्ने ठाउँ पाकेको १५, स्तन पाकेको २६, दिसा गर्ने ठाउँ टाइट भएको १८, हाइड्रोसिल जटिल खालको ८४, विरलै देखिने फिमरो हर्निया चार शल्यक्रिया भएका छन् ।

दिसा गर्ने ठाउँको माथि प्वालबाट पिप र रगत आउने दुई जनाको शल्यक्रिया भएको छ । उसो त अस्पतालमा सामान्य खालका बोसोको डल्ला, मासु पलाएको, पानीको फोका, गाँठागुठी पलाएको, स्तनमा सामान्य गाँठागुठीको ६०० भन्दा बढी शल्यक्रिया भएका छन् । यसरी टीकापुर अस्पतालमा शल्यक्रिया हुन थालेपछि कैलालीको पश्चिम भेग, बर्दिया, सुर्खेत र अछामका बिरामीले राहत पाएका छन् । ‘बिरामीको चाप छ तर पर्याप्त शयचाको अभाव छ, थप सेवाका लागि उपकरण आवश्यक पर्छ,’ डा. भट्टले भने, ‘अस्पतालमा सेवा पाएपछि नागरिकले थप सेवा खोज्छन् जुन स्वाभाविककै हो ।’

२०८१ वैशाखमा शल्यचिकित्सक थपिएपछि सेवामा थप चुस्तता आएको छ । ‘व्यवस्थापन पक्षबाट राम्रो सहयोग छ । मोड्युलर ओटी (सुविधा सम्पन्न) सुविधा मिलाइएको छ । सबैखाले विशेषज्ञ डाक्टर भएकाले शल्यक्रिया गर्न र सहकार्य गर्न सहज भएको छ,’ डा. भट्टले भने, ‘सघन उपचार कक्ष भइदिएको भए धेरै सहज हुन्थ्यो । स्वास्थ्यकर्मीलाई बारम्बार थप तालिको व्यवस्था आवश्यक छ ।’ उनले बजेट अपर्याप्त हुँदा शयचा अभाव भएर बिरामी फर्काउनुपर्दा नरमाइलो लाग्ने गरेको बताए । दैनिक १० वटासम्म शल्यक्रिया गरेको उनको भनाइ छ । डा. भट्टले भने, ‘जानकी गाउँपालिकाका ३५ वर्षका एक पुरुष पेट दुखेर आउनुभएको थियो, परीक्षण गर्दा पुरानो अल्सर अत्यधिक रक्सी सेवनका कारण फुटेर शरीरभरि फैलिएको अवस्था थियो तर बचाउन सफल भयौं ।’ पेटको खानेकुरा र पित्त शरीरभरि फैलिएको फैलिएर ९५ प्रतिशत ज्यान जाने जोखिममा भएको बिरामीको तीन घण्टा शल्यक्रिया गरेर बचाएको पनि सुनाए ।

‘ठूला अस्पतालमा पर्याप्त उपकरण हुन्छन् । यहाँ त्यस्तो सुविधा हामी पाउँदैनौं, सीमित उपकरणबाट काम गर्नुपर्ने बाध्यता छ,’ उनले भने, ‘अब हामी दुईजना सर्जन छौं, टिमवर्क भएमा हिम्मत बढ्छ । एनेस्थेसियालोजिस्ट डाक्टर पनि दुईजना हुनुहुन्छ र मोड्युलर शल्यक्रिया कक्षबाट काम गर्ने गरेका छौं ।’ उनले विगतलाई हेर्दा धेरै उपकरण थपिएका भए पनि अर्याप्त उपकरण सधैं चाहिन्छ, सधैं अभाव महसुस हुन्छ भने । उनले भने, ‘सिटीस्क्यान र सघन उपचारकक्ष अति आवश्यक छ । सघन उपचार कक्षसँगै शयचालगायतका सुविधा भएको भए धेरै बिरामीलाई सेवा दिन सकिन्थ्यो ।’

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. रेमकुमार राई टीकापुर अस्पतालमा बिरामीको चाप बढी रहेकाले दुईजना जनरल सर्जन भए पनि शल्यक्रियाका लागि पालो कुर्नुपर्ने अवस्था रहेको बताए । ‘बिरामीको चाप बढी, शयचा अभाव भएकाले एक/दुई दिन कुर्नुपर्छ,’ उनले भने, ‘शल्यक्रिया गर्न ठूलो टिम चाहिन्छ । स्वास्थ्यकर्मी, नर्स सबै तालिम प्राप्त चाहिन्छ । भएकाहरूको क्षमता विकास, सर्जनका लागि आवश्यक अत्याधुनिक उपकरण थप गर्नसमेत आवश्यक छ ।’

अस्पतालका अध्यक्ष झपट सोडारी सर्जरी सेवा थप व्यवस्थित बनाउन प्रयास भइरहेको बताउँछन् । ‘सुदूरपश्चिममा पहिलोपटक सानो भए पनि मोड्युलर ओटी कक्ष सञ्चालनमा ल्याएका छौं,’ उनले भने, ‘शल्यक्रिया कक्ष व्यवस्थित भएकाले बिरामीलाई राहत र संक्रमणको जोखिम कम हुन्छ । अझ सेवा सुधारको प्रयासमै छौं ।’ *रासस*

# उपनिर्वाचनको तयारी

**सुदूरपश्चिम–** देशभर रिक्त रहेका पालिका तहका प्रमुख/उपप्रमुख, अध्यक्ष/उपाध्यक्ष र वडाअध्यक्षको आगामी मंसिर महिनामा उपनिर्वाचन गराउनेगरी निर्वाचन आयोगले तयारी गरेको छ । प्रदेश निर्वाचन कार्यालय कैलालीका निमित्त प्रदेश निर्वाचन अधिकारी प्रेमराज भट्टले नगरपालिका र गाउँपालिका तहमा विभिन्न कारणले रिक्त रहेका पदमा आगामी मंसिरमा उपनिर्वाचन गराउने तयारी सुरु गरिए पनि निर्वाचनको मिति निश्चित गर्न बाँकी रहेको जानकारी दिए ।

यस्ता पदहरू रिक्त भएका कारण नागरिकलाई सेवा प्राप्तिमा असुविधा उत्पन्न भइरहेकाले उपनिर्वाचनमार्फत पदपूर्तिका लागि निर्वाचन आयोगले आन्तरिक तयारी गरेको जनाइएको छ । धनगढीमा बुधबार आयोजित वार्षिक समीक्षा कार्यक्रममा प्रदेश निर्वाचन अधिकारी भट्टले अनलाइन मतदाता नामवली संकलन तथा नाम दर्ता कार्य, मतदाताको ठाउँसारी, मतदाताको त्रुटि सच्च्याउने, मृत्यु भएका मतदाताको मतदाता नामावलीबाट नाम हटाउने, मतदाता शिक्षा कार्यक्रम, निर्वाचन शिक्षा तथा सूचना केन्द्रको अवलोकन कार्यक्रम र यस्ता गतिविधिमा सरोकारवालाको भूमिकालगायत विषयमा प्रस्तुति गरे ।

सुदूरपश्चिमको कैलाली जिल्लामा वर्ष २०८०/८१ मा एक हजार १२ नयाँ मतदाताको नामावलीमा नाम दर्ता भएको, १५७ को ठाउँसारी भएको, २४५ को त्रुटि सच्च्याइएको र मृत्यु भएका दुई हजार २४२ मतदाताको मतदाता नामावलीबाट नाम हटाइएको जानकारी उनले दिए । प्रतिनिधिसभाको पाँच निर्वाचन क्षेत्र रहेको कैलालीमा गएको वैशाखसम्ममा जम्मा पाँच लाख ३६ हजार ७७० मतदाता पुगेका छन् । कार्यक्रमका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रले मताधिकारबाट कुनै पनि मतदाता वञ्चित हुन नपाउनेगरी निर्वाचन कार्यालयले समयमै आवश्यक तयारी गर्नुपर्ने बताए ।

कार्यक्रममा विभिन्न राजनीतिक दलका प्रतिनिधि, सञ्चारकर्मी, सुरक्षा निकायका प्रमुखलगायतको सहभागिता थियो । सुदूरपश्चिम प्रदेशको हकमा बाजुरा जिल्ला, स्वामीकार्तिक गाउँपालिका उपाध्यक्ष पद रिक्त रहेको निर्वाचन आयोगद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ । यस्तै, बझाङ जिल्ला सुर्मागाउँपालिका-४, डोटी जिल्ला पूर्वीचौकी गाउँपालिका-६, दार्चुला जिल्ला दुहुँ गाउँपालिका-५ र कञ्चनपुरको भीमदत्त नगरपालिका-६ वडाध्यक्ष पद रिक्त रहेको छ । देशभर नगरपालिकाका प्रमुख/उपप्रमुख, गाउँपालिकाका अध्यक्ष/उपाध्यक्ष र वडाअध्यक्ष गरी ३४ पद रिक्त रहेको आयोगले जनाएको छ । स्थानीय तह निर्वाचन ऐन २०७३ बमोजिम यसरी रिक्त रहेका पदहरूको पदावधि एक वर्षभन्दा बढी बाँकी रहेको अवस्थामा निर्वाचन आयोगको परामर्शमा नेपाल सरकारले मिति तोकेर उपनिर्वाचनद्वारा रिक्त पदको पदपूर्ति गरिनुपर्ने व्यवस्था छ । *रासस*

# कोशी प्रदेशमा चुनौती बन्दै डेंगी नियन्त्रण

**मोरङ (प्रस)–** कोशी प्रदेशमा डेंगी नियन्त्रण चुनौतीका रूपमा देखापरेको चिकित्सक तथा स्थानीय तहका पदाधिकारीहरूले बताएका छन् । बितेका चार महिनामा प्रदेशमा ५८२ जना डेंगी संक्रमित भएका छन् ।

प्रदेश स्वास्थ्य मन्त्रालयद्वारा बुधबार साँझ यहाँ आयोजित मोरङका स्थानीय तहका प्रमुख उपप्रमुख, सरोकारवालालगायतको सहभागितामा भएको डेंगी नियन्त्रणसम्बन्धी कार्यक्रममा उक्त जानकारी दिइएको हो । डेंगी लागेर एकजनाको मृत्यु भएको छ ।

यो प्रदेशमा साउन १ देखि २९ गते सम्ममा ३३४ जना संक्रमित थपिएका हुन् । धनकुटास्थित स्वास्थ्य निर्देशनालयका निर्देशक ज्ञानबहादुर बस्नेतका अनुसार उक्त अवधिमा मोरङमा १९९, झापामा ३३, धनकुटामा ३२, संखुवासभामा ३०, भोजपुरमा २५, ओखलढुंगामा १०, खोटाङमा तीन र तेह्रथुममा दुईजना संक्रमित भएका छन् । मोरङको लेटाङ नगरपालिकामा संक्रमितको संख्या ३१० पुगेको उपप्रमुख कृष्णकुमारी निरौलाले बताइन् ।

# जनैपूर्णिमाका लागि सिंगारिँदै गोसाइँस्थान

■ **पेमा लामा**

**धुलिखेल (काभ्रेपलाञ्चोक)–** जिल्लाको बनेपा नगरपालिका-६ स्थित धार्मिक पर्यटकीयस्थल गोसाइँस्थानमा साउन शुक्लपूर्णिमा अर्थात् जनैपूर्णिमा तथा रक्षाबन्धनका अवसरमा लाग्ने मेलाका लागि सो स्थल सिंगारिएको छ । बनेपाको बुडोलबाट सडक दायाँबायाँ व्यापारिक चहलपहल बढ्ने भएकाले मेला व्यवस्थापनका साथै वडाको सहयोगमा रङरोगन गरिँदै छ ।

रसुवाको धार्मिकस्थल गोसाइँकुण्डसँग कथा र महत्त्व जोडिएकाले त्यहाँ पुग्न नसकेका भक्तजन यहाँ रहेको गोसाइँस्थानमा मेला भर्ने गर्दछन् । गोसाइँस्थान धार्मिक तथा प्राकृतिक दृष्टिकोणले महत्त्वपूर्णस्थलका रूपमा रहेको भक्तजन बताउँछन् । बनेपा-६ स्थित गोसाइँस्थानमा जनैधारण गर्ने तथा शिवमन्दिरमा दर्शन तथा पूजाअर्चना गर्न दर्शनार्थीको घुइँचो लाग्ने गरेको गोसाइँस्थान संरक्षण समितिका अध्यक्ष विष्णुनारायण श्रेष्ठले बताए । गत वर्षभन्दा यस वर्ष यहाँ भक्तजनको आगमन वृद्धि हुने अपेक्षा लिइएको उनले उल्लेख गरे ।

‘मेलामा बनेपाको बुडोलबाट सडक दायाँबायाँ व्यापारिक चहलपहल बढ्छ । तसर्थ रङरोगन गर्नुका साथै खानेपानी, बत्ती जडान र सुरक्षाका लागि भीड तथा सुरक्षा व्यवस्थापनका लागि प्रहरी तथा स्वयंसेवक परिचालन गर्नेछौं । स्वास्थ्य सहायताका लागि सहायता कक्षा राख्नेछौं,’ श्रेष्ठले भने । यहाँ हिन्दू, बुद्धका साथै बोनधर्म परम्पराअनुसार पूजा र दर्शन गर्ने भक्तजनको घुइँचो लाग्ने उनले जानकारी दिए । हिन्दू धर्मसंस्कारअनुसार यहाँ रहेको शिवमन्दिरमा पूजा गरी ब्राह्मणबाट रक्षाबन्धन र टीका लगाइन्छ । यस्तै तामाङ समुदायका ‘झाँक्री’ ढ्यांग्रो बजाउँदै विभिन्न किसिमले पूजागरी दर्शन गर्ने गर्दछन् । नेवार समुदायले अन्नपात चढाउने, ब्राह्मण समुदायले जनै लगाउने र हातमा रक्षाबन्धन (डोरो) बाँध्ने प्रचलन छ ।

रसुवाको गोसाइँकुण्ड पुग्न नसक्नेले बनेपाको गोसाइँस्थानमा गएर दर्शन गर्ने प्रचलन रहँदै आएको स्थानीय बताउँछन् । रसुवाको गोसाइँकुण्ड पुग्न नसक्नेले यहाँको गोसाइँस्थानमा आएर दर्शन गर्नाले मनोकांक्षा पूरा हुने धार्मिक विश्वास रहेको स्थानीय समाजसेवी भैरव केसीले बताए ।

‘परापूर्वकालमा भाद्र पूर्णिमाका दिन देवगण र राक्षसहरू मिलेर समुन्द्र मन्थन गर्दा समुन्द्रको गर्भमा लुकेको विष बाहिर निस्कियो । त्यो विषलाई महादेवले सेवन गरेपछि विष सेवनको छटपटीलाई सहन नसकेर महादेव हिमालय पर्वततर्फ लानुभयो । त्यही क्रममा महादेवको पहिलो बास बनेपा-६, गोसाइँस्थानमा भयो । बिहान भाले बासेपछि रसुवाको गोसाइँकुण्डमा पुगेर त्यहाँ त्रिशूलले घोपेर पानी निकाली पीडा शान्त पार्नुभएको कथन छ,’ उनले भने । *रासस*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BRANCH OF EXPRESS FOOD COMPANY LIMITED

पूर्व स्वीकृति मिति : २०८०/०१/२८ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०४/३१ | LT. No. 285818 | चलानी नं. ६०२०१२६५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1000 | ३५,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ ७ गते (23rd Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GLOBAL SPECIALIZED TRANSPORTATION COMPANY

पूर्व स्वीकृति मिति २०८०/१२/०७ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०४/३१ | LT. No. 302111 | चलानी नं. ६०२१७००३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 17 | 0 | 1800 | ६४,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ ८ गते (24th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HAMDAN GLOBAL PVT. LTD.
License No. : 1563/079/080
Sinamangal - 9, Kathmandu (Opposite of Hope hospital), Tel: +977 1 5915082 / 83
Email: hamdanglobalnepal@gmail.com, Web: www.hamdanglobal.com

## युएईमा रोजगार

कम्पनी : ARKAN ADVANCED TECHNICAL GROUP
शहर : .....

पूर्व स्वीकृति मिति : २०८०/०२/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०४/३१ | LT. No. 305568 | चलानी नं. ६०२२०३३०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 234 | 0 | 1000 | ३६,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ ७ गते (23rd Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TESLA OVERSEAS PVT.LTD.
Govt. License 1638/080/81
Sinamangal 9, Kathmandu, Nepal, Tel: 01-5920966, 5920965
Email: info.teslaoverseas@gmail.com, Web: www.teslaoverseas.com.np

## युएईमा रोजगार

कम्पनी : CITY SKY BUILDING CLEANING AND SECURITY SERVICES LLC
शहर : .........

पूर्व स्वीकृति मिति २०८०/०२/१० | पुन विज्ञापन स्वीकृति मिति २०८१/०४/३१ | LT. No.286506 | चलानी नं. ६०२०१९२७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Female Cleaner | 0 | 4 | 1000 | ३६,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ ७ गते (23rd Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Humour Overseas Pvt. Ltd.
श्रम इजाजत नं. ७७७/०६५/०६६
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : QALAAT AL MANAKH GENERAL SECURITY GUARD SERVICES.

पुर्व स्वीकृति मिति २०८१/०३/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०४/३१ | LT. No. 306825 | चलानी नं. ६०२२१५७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 3 | 0 | 1200 | ४३,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ ७ गते (23rd Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Shuvam Overseas Employment Pvt. Ltd.
SOE श्रम इजाजत नं. ४९७/०६१/०६२
Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043,
Mobile: 9851073220, 9851196634, 9846061401
E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com

## युएईमा रोजगार

कम्पनी : EMIRATES PETROCHEMICAL SERVICES & SCAFFOLDING ESTABLISHMENT
शहर : Bin Arar Tower

पुर्व स्वीकृति मिति २०८१/०४/२८ | LT. No. 308692 | चलानी नं. ६०२२३५९५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder/Scaffolder Labour | 30 | 0 | 1200 | ४३,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ ७ गते (23rd Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Mobhira Overseas Service Pvt. Ltd.
Govt. License 083/053/054
P.O. Box : 15142, K.P.C. : 283, Basundhara, Kathmandu, Nepal
Tel: +977 1 4359905/ 4385829/ 4385832, Fax: +977-1- 4353733/ 4386111
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com

# प्रभाव दैनिक

शुक्रबार, ३२ साउन २०८१ (Friday, August 16, 2024)





## सन्जुको 'आएन परदेशी' सार्वजनिक

तिज नजिकिँदै गर्दा बजारमा तिज गीत भित्रिने क्रम बढ्दो छ । यस्तैमा गायिका सज्जु न्यौपानेले नयाँ तिज गीत 'आएन परदेशी' सार्वजनिक गरेकी छन् । गीतकार सुमन वैरागी पण्डितको शब्द तथा संगीतमा तयार भएको 'आएन परदेशी' मा सङ्गीत संयोजन डोलराज बाह्रघरेले गरेका छन् । गीतमा सहयोगी स्वरमा बेलीमाया पुलामीले साथ दिएकी छन् । गीतको म्युजिक भिडियोलाई स्मृति तिमिल्सिना गुरूआमाले निर्देशन गरेकी छन् । दुर्गा पौडेलको छाया[illegible]न एवं नवीन घर्तीमगरको सम्पादन रहेको भिडियोमा सज्जु न्यौपाने, सजिना लामिछाने, सबिता पोखरेल, बेलीमाया पुलामी, मेनुका लामिछानेको अभिनय छ ।



# चलचित्र विकास बोर्ड अध्यक्षका लागि ६ जनाको दरखास्त

■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र विकास बोर्डको अध्यक्ष पदका लागि आवेदन दिनेको संख्या ६ पुगेको छ । आवेदन दिने अन्तिम दिन बुधबार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पुगेर थप तीनजना फिल्मकर्मीले दरखास्त हालेका छन् ।

मन्त्रालयका अनुसार फिल्म निर्माता तथा बोर्डका पूर्वसदस्य अर्जुनकुमार डंगोल, बोर्डका पूर्वसदस्य तथा निर्देशक प्रकाश भट्टराई र निर्देशक दीपा पाण्डे बस्नेतले आवेदन दिएका हुन् ।

यसअघि दिनेशराज दाहाल (डीसी), राजेश थापा र करिश्मा मानन्धरले पनि आवेदन दिएका छन् । प्राप्त आवेदन योग्य छन् कि छैनन् भन्नेबारेमा रुजु गरिने मन्त्रालयले जनाएको छ ।




त्यसपछि उम्मेदवारको अन्तर्वार्ता र कार्ययोजनाको प्रस्तुतिको तालिका प्रकाशन हुनेछ । सिफारिस समितिले बढीमा तीनजनाको नाम मन्त्रालयमा सिफारिस गर्नेछ । मन्त्रालयले गर्ने सिफारिसको आधारमा कुनै एक जनालाई मन्त्रिपरिषद्ले चलचित्र विकास बोर्डको अध्यक्षमा नियुक्त गर्नेछ । योग्यता पुगेका नेपाली नागरिकलाई आवेदन दिन मन्त्रालयले १५ दिनको मिति तोकेर सूचना प्रकाशन गरेको थियो ।

# 'देववाणी' मंसिर ७ मा रिलिज हुने

■ प्रभाव संवाददाता

**काठमाडौं–** निर्देशक बाबु साहेब बलामी निर्देशित फिल्म 'देववाणी' आगामी मंसिर ७ गते रिलिज हुने भएको छ । निर्माण पक्षले बिहीबार एक पोस्टर सार्वजनिक गर्दै रिलिज मितिको टुंगो लगाएको हो ।

पोस्टरमा फिल्मका प्रमुख नायक कुन्दन भारद्वाज र नायिका अनुजा लेप्चा फिचर्ड छन् । उनीहरूलाई रोमान्टिक भावमा देखाइएको छ ।

मौसम फिल्मस् प्रोडक्सन हाउस र अनुजा इन्टरटेनमेन्टको व्यानरमा निर्माण भएको फिल्ममा कुन्दन भारद्वाज, अनुजा लेप्चा, सुनिल थापा, ध्रुब कोइराला, नन्दु श्रीवास्तव, अमिता श्राप, मौसम पौडेल, देव सिंह, प्रदीप ढकाल, सरिता भण्डारी, लक्ष्मीनाथ तिमल्सिना, काजोल राघवाणी र मौसम पौडेलको अभिनय छ ।




सिमरा, वीरगन्ज, इटहरी र काठमाडौंमा छायांकन भएको फिल्ममा निराजन मेहता मन्जिलको पटकथा तथा संवाद, हरिबहादुर घलेको छायांकन, श्री श्रेष्ठ र देव महर्जनको द्वन्द्व, रामजी लामिछाने र तेन्जु योञ्जनको कोरियोग्राफी, मनोहर सुनाम र सन्तोष प्रगाढको संगीत, बन्दे प्रसादको सम्पादन, प्रविण ढकालका कलर, सत्यम रानाको भीएफएक्स, बन्दे प्रसादको टिजर र ट्रेलर, प्रमोद परियारको ब्याकग्राउण्ड स्कोर, रञ्जित मण्डलको साउण्ड डिजाइन्, तर्कराज न्यौपानेको मुख्य सहायक निर्देशन छ । फिल्ममा मिना खड्का र हिराबहादुर लेप्चा निर्माता छन् । फिल्मको कार्यकारी निर्माता मनकुमार लेप्चा र रमेश ढुंगेल 'झापाली' हुन् । फिल्म नेपाली र हिन्दी भाषामा निर्माण भएको छ ।

# 'कार्साङ'मा दयाहाङ र सृजना

■ प्रभाव संवाददाता

**काठमाडौं–** अभिनेता दयाहाङ राई यतिबेला फिल्म 'कार्साङ'को छायांकनमा व्यस्त छन् । फिल्मको छायांकन भइरहँदा निर्माण टिमले फिल्मको सेटबाटै एउटा तस्बिर सार्वजनिक गरेको छ । जसमा अभिनेता दयाहाङको क्यारेक्टर लुक्स बाहिर आएको छ ।

तस्बिरमा उनी सोचनीय भावमा देखिएका छन् । सर्टमाथि उनको हाफ स्वीटर लगाएका उनको शिरमा टोपी देखिन्छ भने नजिकैमा ढ्याङ्ग्रो छ । उनको साथमा अभिनेत्री सृजना निङ्लेखु पनि देखिएकी छन् । दयाहाङको छेवैमा देखिएको ढ्याङ्ग्रोले उनको भूमिका झाँक्रीको हुनसक्ने बुझ्न सकिन्छ । फिल्ममा उनले शेर्पा समुदायको पात्रमा अभिनय गरेका छन् ।

यम शेर्पाको लेखन तथा निर्देशन रहेको फिल्मको दुई सातादेखि सिन्धुपाल्चोक आसपासको क्षेत्रमा छायांकन भइरहेको छ । दुई दिनभित्रमा सम्पूर्ण छायांकन सकिने बताइएको फिल्म दुईवटा क्यामेरा प्रयोग गरेर छायांकन भइरहेको छ ।

फिल्ममा दयाहाङ र सृजनाको अलवा जीतु नेपाल, दीया मास्के, बुद्धि तामाङ, सृष्टि गौतम, छुकी शेर्पा, राशि लिम्बू, सोहन थापा, कर्मा शेर्पा, एसएली लिम्बू, छोकी शेर्पा, सृष्टि ढुंगानालगायतको अभिनय रहनेछ ।

पुरुषोत्तम प्रधान निर्माता रहेको फिल्मलाई उनले नै छायांकन गरिरहेका हुन् । फिल्ममा गोविन्द बोहरा सह-निर्माताामा छन् भने कार्यकारी निर्मातामा आङछिरिङ शेर्पा रहेका छन् ।

# 'सिएनए इन्टरनेशनल अवार्ड' दुबईमा हुँदै

**दुबई–** पछिल्लो समय गीत, सङ्गीत, चलचित्र र विविध कार्यक्रमको लागि व्यस्त रहेको दुबईमा सिएनए इन्टरनेशनल अनर अवार्ड आयोजना हुने भएको छ । सेलिब्रेटी नेपाल प्रतिष्ठान र साथीभाइ इन्टरटेन्मेन्टले ग्रिन नेपाल ट्राभल्सको सहकार्यमा दुबईमा अवार्ड आयोजना गर्न लागेको हो ।

आयोजक संस्थाका अध्यक्ष एवं चलचित्र पत्रकार सङ्घ नेपालका केन्द्रीय महासचिव रघुनाथ सापकोटाका अनुसार विभिन्न क्षेत्रमा स्थापित भएका सामाजिक व्यक्तिहरू जसले नेपालको कला, संस्कृति, चलचित्र, पर्यटन र पत्रकारिता लगायतका क्षेत्रमा विशेष योगदान गरेका छन्, उहाँहरूलाई आयोजक संस्थाले मूल्याङ्कनको आधारमा अवार्ड प्रदान गर्नेछ ।

नेपाली कला, साहित्य र चलचित्रका केही चलचित्रकर्मी र कलाकर्मीका साथै पत्रकार र दुबईमा रहेका प्रतिष्ठित व्यक्तिहरूलाई विशेष सम्मानका साथ अवार्ड प्रदान गरिनेछ । अगस्ट १७ अर्थात् भाद्र १ गते दुबईको क्लब एसके सेभेनमा आयोजना हुन लागेको अवार्डमा नेपालबाट कलाकार, अतिथि र पत्रकार गरी २० बढीको सहभागिता रहनेछ । जसमा अभिनेता पल शाह, गायक प्रताप दास, गायिका रेखा शाह, मोडल दीपक घिमिरे, निर्देशक कमल एक्चै मगर, नितिन चन्द, ओएसआर डिजिटलका ओम अग्रवाल, हाइलाईट्स नेपालका जनक तामाङ, चलचित्र पत्रकार सङ्घ नेपालका अध्यक्ष समीर बलामी लगायत सहभागी हुनेछन् ।

दुबईमा कार्यक्रमको सम्पूर्ण व्यवस्थापन तथा तयारी गरिरहेका साथीभाइ इन्टरटेन्मेन्टका हरि मोक्तानले भव्य समारोह आयोजनाका लागि सम्पूर्ण तयारी सकेको बताएका छन् । दुबईमा साङ्गीतिक कार्यक्रम सहित अवार्ड समारोहको आयोजना गरिएको मोक्तानले बताए । कार्यक्रमको व्यवस्थापन तथा डिजाइन बलामी फिल्म इन्टरटेन्मेन्टले गरेको हो ।

नेपाल कला, संस्कृति, चलचित्र, सामाजिक र पर्यटन क्षेत्रको प्रवर्द्धन र त्यस क्षेत्रमा लामो समयदेखि काम गरिरहेका व्यक्तिहरूलाई सम्मान गर्ने उद्देश्यले सिएनए इन्टरनेशनल अनर अवार्ड आयोजना गरिएको अध्यक्ष सापकोटाले बताए । कार्यक्रममा गैर आवासीय संघका पदाधिकारीहरू, विभिन्न सङ्घ संस्थाका प्रतिनिधिको पनि सहभागीता रहनेछ ।

## रंगशाला

# राखेप र एन्फाबीच दशरथ रंगशालाको मैदान स्तरोन्नतीका लागि छलफल



■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य-सचिव टंकलाल घिसिङ र अखिल नेपाल फुटबल संघका अध्यक्ष पंकजविक्रम नेम्वाङबीच दशरथ रंगशालाको मैदान स्तरोन्नतीका विषयमा बुधबार छलफल भएको छ । मैदान स्तरोन्नतीका लागि लाग्ने समय, बजेटलगायतका विषयमा दुई पक्षबीच त्रिपुरेश्वरस्थित राखेपमा प्रारम्भिक छलफल भएको हो । उक्त अवसरमा सदस्य-सचिव घिसिङले मैदानको स्तरोन्नती गर्न लाग्ने समय सीमा, बजेटलगायतका विषयमा चासो व्यक्त गर्दै सो कार्यका लागि दुवै पक्ष गम्भीर भएर पहल गर्नु पर्नेमा जोड दिए ।

'दशरथ रंगशालाको मैदान स्तरोन्नती गर्न कति समय लाग्छ ? कति बजेट लाग्छ ? प्रारम्भिक खाका तयार गरी पेश गर्नु होला ।' सदस्य-सचिव घिसिङले चासो व्यक्त गर्दै भने- 'समय सीमा तोकेर प्रारम्भिक खाका तयार गर्नु होला । त्यसपछि राखेप र एन्फा मिलेर मैदान स्तरोन्नतीका लागि गम्भीर भएर पहल गर्नु आवश्यक छ । बजेटका कारण कुनै पनि हालतमा रोकिनु हुँदैन ।'

यो विषयमा राखेपले आइतबारै एन्फालाई पत्रचार पनि गरिसकेको छ । अध्यक्ष नेम्वाङले मैदानलाई अन्तर्राष्ट्रिय मापदण्ड पुग्ने गरी गरी स्तरवृद्धि गर्नका लागि परामर्शदाताबाट सुझाव लिएर मैदान स्तरोन्नती गर्ने प्रतिबद्धता व्यक्त गरे ।

# ग्रिनल्यान्ड बास्केटबलमा ६४ टिम

**काठमाडौं (प्रस)–** ग्रिनल्यान्ड स्कुलको आयोजनामा १८ औं ग्रिनल्यान्ड अन्तरविद्यालय बास्केटबल प्रतियोगिता शुक्रबारदेखि हुने भएको छ ।

प्रतियोगितामा तीन विधामा ६४ टिमको सहभागिता रहने ग्रिनल्यान्डका प्राचार्य एवं प्याब्सनका केन्द्रीय उपाध्यक्ष थकिनकुमार गुरुङले बिहीबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराए । जुनियर ब्वाइजमा २४, सियिनर गर्ल्समा १६ र सिनियर ब्वाइजमा २४ टिमले लिग कम नकआउट आधारमा प्रतिस्पर्धा गर्ने छन् ।




सिनियर ब्वाइजमा आयोजक ग्रिनल्यान्ड, सिनियर गर्ल्समा भ्याली पब्लिक र जुनियर ब्वाइजमा लालीगुराँस नेसनल एकेडेमी डिफेन्डिङ च्याम्पियन हुन् ।

प्रतियोगिता सञ्चालन गर्न करिब ३ लाख रूपैयाँ खर्च हुने ग्रिनल्यान्डका सह-प्राचार्य विनोद घिमिरेले बताए । भदौ ११ गतेसम्म चल्ने प्रतियोगिताका खेलहरू धापासीस्थित आयोजक ग्रिनल्यान्डकै कोर्टमा खेलाइने छ । प्रतियोगितामा जम्मा १ सय १६ खेल हुनेछ ।

**साफ यू-२०**

# अझै अन्यौलमा खेल मैदान

■ प्रभाव संवाददाता




**काठमाडौं–** काठमाडौंमा आयोजना हुने साफ यू-२० च्याम्पियनसीप सुरु हुन तीन दिन मात्र बाँकी रहँदा पनि खेल मैदानको टुंगो अझै लागेको छैन । आयोजक अखिल नेपाल फुटबल संघ (एन्फा) ले खेल स्थलको टुङ्गो लगाउन नसकेको हो ।

विहिबार एन्फाले पत्रकार सम्मेलन गर्दै खेल मैदानको टुङ्गो नलागेको जानकारी दिएको छ । पत्रकार सम्मेलनमा म्याच कमिस्नरको निरिक्षणपछि मात्र खेल सञ्चालन हुने मैदान कुन बारे टुंगो लाग्ने बताइएको छ ।

एन्फाले यस अघि प्रतियोगिताका लागि दशरथ रंगशाला, च्यासल मैदान र एन्फा कम्प्लेक्स गरी तीन स्थान तय गरेको थियो । तर, च्यासल मैदानमा बाढी पसेपछि खेल सञ्चालन गर्न नसकिने अवस्था आएको छ भने दशरथ रंगशाला पनि बर्षाले हिलाम्मे रहेको छ ।

साफले दशरथ रंगशाला र एन्फा कम्प्लेक्सको मैदानलाई आयोजना स्थलको स्विकृती दिएर खेल तालिका समेत जारी गरेपनि गत मंगलबार भुटानको पारो एफसी र नेपालको चर्च ब्वाईज बीचको खेल सञ्चालन हुँदा मैदान पूर्ण रूपमा खराब भएपछि साफले एन्फालाई विकल्प खोज्न भनेको छ ।

दशरथ रंगशालामा पानी सोच्ने ड्रेनेज सिस्टम नभएका कारण पारो र चर्च ब्वाइजको खेलका क्रममा हिलाम्मे भएको थियो । साफ यू-२० मा नेपालसहित बंगलादेश, श्रीलंका, भारत, माल्दिभ्स र भुटान गरि ६ देशले भाग लिदै छन् ।

जसमा समुह ए मा नेपाल, बंगलादेश र श्रीलंका रहेका छन् भने समुह बी मा भारत, माल्दिभ्स र भुटान रहेका छन् । प्रतियोगिताको उद्घाटन खेलमा अगस्त १८ मा श्रीलंका र नेपाल खेल्ने तालिका रहेको छ ।

# माल्दिभ्स टोली नेपालमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** घरेलु मैदानमा आयोजना हुने दक्षिण एसियाली राष्ट्रहरूबीच हुने यु-२० साफ च्याम्पियनशिप फुटबल प्रतियोगितामा सहभागिता जनाउनका लागि आज माल्दिभ्सको टोली नेपाल आइपुगेको छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा माल्दिभ्सको टोलीलाई अखिल नेपाल फुटबल सङ्घ (एन्फा) का पदाधिकारीले स्वागत गरे । साफ च्यामिपयनशिप आगामी भदौ २ गतेदेखि सञ्चालन हुनेछ । विभिन्न छ राष्ट्र सहभागी उक्त प्रतियोगितामा नेपाल समूह 'ए'मा परेको छ ।

नेपालको समूहमा बङ्गलादेश र श्रीलङ्का छन् । त्यसैगरी, समूह 'बी'मा भारत, माल्दिभ्स र भूटान छन् ।

प्रतियोगिताको उद्घाटन खेलमा आयोजक नेपाल र श्रीलङ्काबीच प्रतिस्पर्धा हुनेछ । त्यसैगरी, भूटान, श्रीलङ्का र भारत यही साउन ३२ गते नेपाल आइपुग्नेछन् भने बङ्गलादेश भदौ १ गते नेपाल आइपुग्ने तय भएको आयोजक एन्फाले जनाएको छ ।

नेपाली टोलीमा जियारथ शेख, कृशल मोक्तान, विशाल केसी, सिमान्त थापा, अश्विन घोरासैनी, विक्रम तामाङ, आयुष तिम्सिना, अविनाश स्याङ्तान, जनप्रकाश बम, लक्ष्‍ थापा र मदन पौडेल छन् । त्यसैगरी, राम थापा, समिन घिमिरे, सरोज दर्लामी, निनसाङ लिम्बू, कुशल देउवा, निरज कार्की, हरिश राज भट्ट, धर्मेन्द्र कुँवर, अनिल बम्जन, समिर तामाङ, निराजन धामी र रोहन खड्गी छन् ।

# 'शक्तिशाली भूकम्प' को चेतावनी अन्त्य



**टोकियो–** जापानले एक हप्तादेखि लागू गरेको शक्तिशाली भूकम्प (मेगाक्वेक) आउनसक्ने चेतावनी बिहीबार हटाएको छ। 'मेगाक्वेक' ले हुने मानविय तथा भौतिक क्षतिको खतराको जोखिम समाप्त भएसँगै सरकारले चेतावनी हटाई मानिसहरूलाई सामान्य अवस्थामा फर्कन आग्रह गरेको छ।

करिब १२५ मिलियन मानिसहरूको बसोबास रहेको जापानमा शक्तिशाली भूकम्प र यसले विपत्ति आउनसक्ने भनी जारी सतर्कताले हजारौं मानिसलाई आवश्यक वस्तुहरू भण्डारण गर्न तथा विशेष व्यवस्था गर्न प्रेरित गरेको थियो। हाल भूकम्पीय गतिविधि र प्रभावको कुनै शंकास्पद अवस्था देखा नपरेकाले भूकम्पीय चेतावनी साँझ ५ बजेबाट लागू हुनेगरी अन्त्य भएको विपद् व्यवस्थापन मन्त्री योसिफुमी मात्सुमुराले बताए।

जापानको मौसम निकायले गत बिहीबार ७.१ म्याग्निच्युडको भूकम्पीय झट्कापछि ठूलो भूकम्पको सम्भावना 'सामान्यभन्दा बढी' भएको जनाएको थियो। त्यो एक विशेष प्रकारको सम्भावित कम्पन थियो जसलाई 'सबडक्सन मेगाथ्रस्ट' भूकम्प भनिन्छ, जसले ठूलो सुनामी निम्त्याउन सक्छ। यो भूकम्पको सम्भावना प्रशान्त महासागर क्षेत्रमा रहेका दुई टेक्टोनिक प्लेटहरूबीचको 'नानकाई थ्रोग'सँग सम्बन्धित छ। यो करिब ८०० किलोमिटर लामो सामुद्रिक च्यानल र जापानको प्रशान्त तटसँग समानान्तररूपमा चल्छ।

सन् १७०७ मा, नानकाई गर्तका सबै खण्डहरू एकैचोटि फुट्दा निम्त्याएको भूकम्प दोस्रो-शक्तिशाली रहेको थियो। उक्त भूकम्पले माउन्ट फुजीको अन्तिम विस्फोट पनि निम्त्याएको थियो। जापानी सरकारले यसअघि नै नानकाई गर्तमा ८.९ म्याग्निच्युडको भूकम्प आउनसक्ने सम्भावना रहेको बताएको थियो।

विज्ञहरूले यस्तो खराब अवस्थामा तीन लाख जनजीवन गुम्नसक्ने अनुमान गरेका थिए भने केही इन्जिनियरहरूले क्षति १३ ट्रिलियनसम्म पुग्नसक्ने जनाएका थिए। यद्यपि, विज्ञहरूले जोखिम अझै कम रहेको बताएका छन् भने कृषि तथा मत्स्यपालन मन्त्रालयले शनिबार मानिसहरूलाई अत्यधिक भण्डारण गरिएका सामानहरूबाट टाढा रहन आग्रह गरेको छ।

सुपरमार्केटहरूले बोतलको पानीलगायत खरिदमा सीमितता कायम गरेपछि शौचालय र संरक्षित खानाजस्ता आपत्कालीन वस्तुहरूको माग अनलाइनमा बढेको छ। भूकम्पको चेतावनीले प्रधानमन्त्री फुमियो किशिदाको गत हप्तामा हुने मध्य एसियाको चार दिने भ्रमण रद्द गर्नसमेत बाध्य पारेको थियो।

केही बुलेट ट्रेनहरूले सावधानीका रूपमा आफ्नो गति घटाएका थिए भने आणविक संयन्त्रलाई अधिकारीहरूले प्रकोप तयारी जाँच गर्न निर्देशन दिएका थिए। *रासस⁄एएफपी*

# सीमा क्षेत्रमा जान पहुँच दिन राष्ट्रसंघद्वारा रूससँग आग्रह

**जेनेभा–** संयुक्त राष्ट्रसंघीय मानवअधिकार कार्यालयले बिहीबार मस्कोलाई युक्रेनी सेनाको सीमापार आक्रमणबाट प्रभावित रूसी सीमा क्षेत्रको भ्रमण गर्न अनुमति दिन आग्रह गरेको जनाएको छ।

'म पुष्टि गर्न सक्छु कि संयुक्त राष्ट्रसंघीय मानवअधिकार कार्यालयले रूसी अधिकारीहरूलाई बेल्गोरोड, ब्रायन्स्क र कुर्स्क क्षेत्रसहित आक्रमणबाट प्रभावित रूसी संघका क्षेत्रहरूमा हाम्रो मानव अधिकार निगरानी र मूल्यांकनका लागि पहुँचको सुविधा प्रदान गर्न अनुरोध गरेको छ,' संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयका प्रवक्ता लिज थ्रोसेलको एएफपीलाई प्राप्त इमेलमा भनिएको छ।

पछिल्लो समय युक्रेनले रूसको कुर्स्क क्षेत्रमा आक्रमण बढाउँदै गएको छ। बुधबार सबैभन्दा ठूलो र लामो दूरीको ड्रोन आक्रमण गरी चार रूसी सैन्य हवाई क्षेत्रमा आक्रमण गरेको सञ्चारमाध्यमहरूले जनाएका छन्।

युक्रेनी जनरल स्टाफले टेलिग्राममार्फत सार्वजनिक गरेको विज्ञप्तिअनुसार रूसको भोरोनेज, कुर्स्क र निझनी नोभगोरोड क्षेत्रमा भएको ड्रोन हमलाको उद्देश्य इन्धन गोदाम र उड्डयन हतियार नष्ट गर्नु रहेको उल्लेख छ। *रासस⁄एएफपी*

# श्रीलंकाको राष्ट्रपतीय निर्वाचनमा ३८ जना प्रतिस्पर्धी

**कोलम्बो–** श्रीलंकाका राष्ट्रपति रनिल विक्रमासिंघेले आगामी महिना हुने निर्वाचनमा ३८ जना प्रतिद्वन्द्वीको सामना गर्नुपर्ने निर्वाचन आयोगले बिहीबार जनाएको छ।

दुई वर्षअघि विक्रमासिंघेले सत्ता सम्हालेयताको यो पहिलो मतदान हो। श्रीलंकामा अकल्पनीय आर्थिक संकटका कारण आक्रोशित प्रदर्शनकारीहरूले शक्तिशाली राष्ट्रपति गोटबाया राजापाक्षेलाई अपदस्थ गरेपछि उनले सत्ताको बागडोर सम्हालेका थिए भने अहिलेसम्ममा श्रीलंकाले आफ्नो आर्थिक संकटलाई थप बिग्रिन नदिई सम्हाल्न सफल भएको छ।

उमेरले ७५ वर्षमा हिँडिरहेका विक्रमासिंघेलाई विपक्षी दलका संसदीय नेता ५७ वर्षीय राजनीतिज्ञ प्रेमदासा र ५५ वर्षीय वामपन्थी नेता अनुरा कुमारा दिसानायकाले चुनौती दिएका छन्। तर त्रिपक्षीय लडाइँका रूपमा सुरु भएको यो प्रतिस्पर्धा प्रभावशाली राजापाक्षे परिवारले विक्रमासिंघेलाई दिएको महत्त्वपूर्ण समर्थन फिर्ता लिएपछि र आफ्नै उम्मेदवार निर्मल राजापाक्षलाई उठाएपछि गत सातादेखि चुनौती झनै पेचिलो बनेको छ।




पूर्वराष्ट्रपति तथा प्रधानमन्त्री महिन्दा राजापाक्षेका छोरा तथा गोटबायाका भाइसमेत रहेका ३८ वर्षीय राजापाक्षे संसद् सदस्य हुन्। करिब दुई करोड २० लाख जनसंख्या रहेको बौद्ध बहुल श्रीलंकामा सेप्टेम्बर २१ मा मतदान हुँदै छ। निर्वाचन आयोगका अध्यक्ष आरएमएएल रथनायकेका अनुसार ३९ जना उम्मेदवार चुनावी मैदानमा उत्रेका छन् र जसमध्ये कोही पनि महिला छैनन्। 'कृपया निर्वाचनमा तपाईं कानुनको दायरामा रहेको सुनिश्चित गर्नुहोस्,' उम्मेदवारहरूलाई निर्वाचन नियमहरू पालना गर्न चेतावनी दिँदै रत्ननायकेले एक टेलिभिजन सम्बोधनमा भने।

उनले भने, 'तपाईंको अभियानलाई मद्दत गर्न कुनै पनि अवैध गतिविधिमा सार्वजनिक अधिकारीहरूलाई प्रभावित नगर्नुहोस्।' श्रीलंकामा निर्वाचनसम्बन्धी कानुन उल्लंघन हुनु सामान्य कुरा हो, तर अभियोजन भने विरलै हुने गरेको छ। विक्रमासिंघेले आफ्नो दक्षिणपन्थी युनाइटेड नेसनल पार्टी (युएनपी) लाई त्यागेका छन् भने व्यापक समर्थनको आशामा आफूलाई स्वतन्त्र उम्मेदवारको रूपमा प्रस्तुत गरेका छन्। सन् २०१९ को नोभेम्बरमा भएको राष्ट्रपतीय चुनावमा गोटबाया राजापाक्षेले ३५ जना उम्मेदवारलाई पराजित गरेका थिए तर उनलाई सन् २०२२ मा अर्थव्यवस्थाको गलत व्यवस्थापनको विरोधमा महिनौंसम्म चलेको विरोध प्रदर्शनपछि राजीनामा दिन बाध्य पारिएको थियो।

विक्रमासिंघे सन् २०२२ को जुलाईमा राजापाक्षेको बाँकी कार्यकालका लागि संसद्बाट राष्ट्रपति निर्वाचित भएका थिए। श्रीलंकामा एक करोड ७० लाखभन्दा बढी मतदाताले मतदान गर्न पाउँछन् भने आधुनिक मतदान अभ्यास (विद्युतीय मतदान)का कारण मतदान भएको एक दिनभित्र परिणाम आउने अपेक्षा गरिएको छ। निर्वाचन परिणाम घोषणा भएको दुई हप्ताभित्र नयाँ राष्ट्रपतिले शपथ लिनुपर्छ। *रासस⁄एएफपी*



**कोलकाताको सरकारी अस्पतालको आपत्कालीन वार्डबाहिर बिरामी राखिएको स्ट्रेचर धकेल्दै एक महिला। एक युवाको बलात्कार र हत्याको विरोधमा विभिन्न राज्यका सरकारी अस्पतालमा कार्यरत डाक्टरहरू अगस्ट १२ देखि वैकल्पिक सेवाहरू 'अनिश्चित्कालका लागि' बन्द गरी हड्तालमा उत्रिएका छन्।** *तस्बिरः एएफपी*

# युद्धविराम वार्तामा सहभागी हुन सुडानी सेना प्रमुखलाई दबाब

**जेनेभा–** संयुक्त राज्य अमेरिकाले सुडानको सेनालाई युद्ध अन्त्यका लागि वार्तामा सामेल हुन आग्रह गरेको छ। स्विट्जरल्याण्डमा सुरू भएको वार्तामा सुडानमा द्वन्द्वरत अर्धसैनिक र्‍यापिड सपोर्ट फोर्सेज (आरएसएफ) समूह सहभागी भएको छ।

सन् २०२३ को अप्रिलदेखि सुडानी शासक अब्देल फतह अल बुरहानको नेतृत्वमा रहेको सेना र उनका पूर्वसहयोगी मोहमद हमदान डग्लोको नेतृत्वमा रहेको आरएसएफबीच युद्ध चलिरहेको छ। बुरहान वार्ताको सुरुआतमा उपस्थित नभएपछि अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले सीधै टेलिफोनमार्फत बुरहानलाई वार्तामा सहभागी हुन आग्रह गरेका थिए।

अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता वेदान्त पटेलका अनुसार ब्लिन्केनले बुरहानसँगको कुराकानीमा सहभागिताको आवश्यकता दोहोर्‍याएका थिए। ब्लिन्केनले दुवै पक्षले युद्ध अन्त्य गर्न र पीडित लाखौं सुडानीका लागि मानवीय पहुँचको प्रत्याभूति गर्न 'तत्काल आवश्यकता' रहेको बताएका अमेरिकी प्रवक्ता पटेलले बताए। सुडानका लागि अमेरिकी विशेष दूत टम पेरिएलोले उद्घाटन सत्रपछि भने, 'अब बन्दुक बन्द गर्ने उपयुक्त समय आएको छ।' १० दिनसम्म चल्ने उक्त वार्ता स्विट्जरल्याण्डको अज्ञात स्थानमा बन्द कोठामा भइरहेको छ।

आरएसएफको प्रतिनिधिमण्डलले वार्तामा भाग लिइरहेका बेला सुडानी सशस्त्र बल (एसएएफ) वासिङ्टनले व्यवस्था गरेको युद्धविराम ढाँचाप्रति असन्तुष्ट छ। सुडानी सञ्चारमन्त्री ग्राहम अब्देलकादरले वार्ताअघि वासिङ्टनले संयुक्त अरब इमिरेट्स (युएई) लाई पर्यवेक्षकका रूपमा सहभागी गराउन जोड दिएपछि सरकारले कुनै पनि नयाँ पर्यवेक्षक वा सहभागीलाई अस्वीकार गर्ने बताएका थिए। सुडानी सेनाले संयुक्त अरब इमिरेट्स (युएई) ले आरएसएफलाई समर्थन गरेको आरोप लगाउँदै आएको छ।

मानवीय पहुँच

अफ्रिकी संघ, इजिप्ट, संयुक्त अरब इमिरेट्स (युएई) र संयुक्त राष्ट्रसंघले संयुक्त अरब इमिरेट्स (युएई) को नेतृत्वमा साउदी अरब र स्विट्जरल्याण्डले संयुक्तरूपमा वार्ताको आयोजना गरेका हुन्। पेरिएलोले भने, 'हाम्रो ध्यान शत्रुताको अन्त्य हासिल गर्न, मानवीय पहुँच बढाउन र ठोस परिणाम प्रदान गर्ने प्रवर्तन संयन्त्रहरू स्थापना गर्न अगाडि बढ्नु हो। यस क्रूर द्वन्द्वले संसारकै सबैभन्दा खराब मानवीय संकट निम्त्याएको छ। *रासस⁄एएफपी*

# म्यान्मारकी सुकीको घर किन्ने कुनै आवेदन नपरेपछि पुनः बोलपत्र आह्वान

**यांगुन–** जेलजीवन बिताइरहेकी म्यान्मारकी प्रजातन्त्रवादी नेतृ आङ सान सुकीलाई वर्षौंसम्म नजरबन्दमा राखेको लेकसाइडस्थित घर बिहीबार दोस्रोपटक लिलामीका लागि राखिएको छ।

सन् २०२१ को सैन्य 'कू' पछि हिरासतमा लिइएका नोबेल पुरस्कार विजेता र उनका भाइबीच दशकौं लामो विवादपछि दुई तले घर र १.९ एकड जमिन बिक्रीका लागि राखिएको थियो। लिलामीका लागि न्यूनतम ३०० अर्ब क्याट (१४ करोड अमेरिकी डलर) तोकिएको थियो।

मिन किनबेचको काम गर्ने एक स्थानीय दलालले मार्चमा एएफपीलाई बताएअनुसार यांगुन आसपासका क्षेत्रमा पनि यो जमिन र यस्तै आकारका घरको मूल्य १० देखि २० लाख अमेरिकी डलरभित्र पाइन्छ।

लिलामीअघि म्यान्माका लागि अमेरिकी दूतावास नजिकै युनिभर्सिटी एभिन्यूमा रहेको औपनिवेशिककालको घरबाहिर पत्रकारको सानो भीड जम्मा भएको थियो। गेटमाथि सुकीका पिता, स्वतन्त्रताका नायक आङ सानको चित्र राखिएको छ भने घरलाई सशस्त्र प्रहरीले पहरा दिइरहेको छ।



स्थानीय अदालतले ढोकामा टाँसेको सूचनामा घर, घरभित्र रहेको सम्पत्ति र जग्गा सुकीकी आमा 'दाउ खिन की'को नाममा रहेको उल्लेख छ। सन् १९८८ मा तत्कालीन जुन्ताविरुद्ध भएको विशाल प्रदर्शनका क्रममा सुकीलाई गोली हानेपछि सेनाले करिब १५ वर्षसम्म घरको भत्किएको पर्खालभित्र थुनेर राखेको थियो।

इंगल्याण्डमा आफ्ना पति र छोराछोरीबाट अलग्गिएकी सुकीले एक प्रजातन्त्रवादी नेताको रूपमा आफ्नो हैसियत बढ्दै जाँदा घरमा पियानो बजाउँदै, जासूसी उपन्यासहरू पढ्दै र ध्यान गर्दै उक्त घरमा समय बिताएकी थिइन्। प्रजातन्त्र र अहिंसाको माध्यमबाट सैन्य शासनविरुद्ध लड्ने उनको भाषण सुन्न सयौं मानिस नियमितरूपमा घरबाहिरको फुटपाथमा भेला हुने गर्थे।

सन् २०१० मा रिहा भएपछि पनि उनी त्यही घरमा बसी विदेशी नेता, पत्रकार र कूटनीतिज्ञहरूसँग भेटवार्ता गरेकी थिइन्। सन् २०१२ मा तत्कालीन अमेरिकी राष्ट्रपति बाराक ओबामाले सुकीको घरको अवलोकन गरेका थिए। ओबामाले सुकीलाई 'लोकतन्त्रको प्रतीक' को संज्ञा दिएका थिए।

सुकीले सन् २०१२ मा यांगुन छाडेकी थिइन् र सेनासँग सत्ता साझेदारी गर्दै राजधानी न्यापित गएकी थिइन्। सन् २०२१ को फेब्रुअरी १ मा सेनाले पुनः सत्ता कब्जा गरेपछि उनलाई हिरासतमा लिइएको थियो र १० वर्ष लामो प्रजातन्त्रको प्रयोग अन्त्य गरेको थियो। उनको गिरफ्तारीले दक्षिणपूर्वी एसियाली राष्ट्र म्यान्मामा रक्तपातपूर्ण उथलपुथल निम्त्याएको छ भने उनको निर्वाचित सरकारको सट्टा सेनाप्रति बफादार (जुन्टा सरकार) ले सत्ता चलाइरहेको छ। *रासस⁄एएफपी*

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।**

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १५०५०० | प्रति तोला - - | प्रति तोला - १७४० |

## विश्व बैंकले बजेटरी सहायता वृद्धि गर्ने



**काठमाडौं (प्रस)–** विश्व बैंकले नेपाललाई प्रदान गर्ने बजेटरी सहायता वृद्धि गर्ने भएको छ।

उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलसँग भएको भर्चुअल बैठकमा विश्व बैंकका दक्षिण एसिया क्षेत्रका लागि उपाध्यक्ष मार्टिन रेजरले बजेटरी सहायता वृद्धि गर्ने जानकारी दिएका हुन्।

उपाध्यक्ष रेजरले लगानीको वातावरण, आर्थिक सुधार, रोजगारी वृद्धि लगायतका क्षेत्रमा सुधारका लागि सुझाव दिएका छन्। विश्व बैंकबाट गत आर्थिक वर्ष बजेटरी सहायताका रूपमा नेपाललाई दुई सय पाँच मिलियन अमेरिकी डलर प्राप्त भएको थियो।

अर्थमन्त्री पौडेलले नेपालमा स्थीर सरकार गठन भएकाले थप लगानीका लागि वातावरण तयार भएको उल्लेख गर्दै आयोजनाहरू समयमा सम्पन्न गर्न आवश्यक सहकार्य गर्दै अघि बढ्ने बताएका थिए।

## ढल्केबर–लोहारपट्टी प्रसारण लाइन निर्माण सम्पन्न

■ प्रभाव संवाददाता

**काठमाडौं–** धनुषा, महोत्तरी तथा आसपासका क्षेत्रमा गुणस्तरीय विद्युत् प्रवाहका लागि महत्वपूर्ण मानिएको १३२ केभी क्षमताको प्रसारण लाइन निर्माण सम्पन्न भई सञ्चालनमा आएको छ।

धनुषाको ढल्केबरबाट महोत्तरीको लोहारपट्टीसम्मको १३२ केभी डबल सर्किट प्रसारण लाइन निर्माण सम्पन्न भएको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ। ढल्केबर-लोहारपट्टी प्रसारण लाइन र लोहारपट्टी १३२ केभी सबस्टेसन निर्माण सम्पन्न गरी आजदेखि सञ्चालनमा ल्याइएको छ।

धनुषा र महोत्तरीको विद्युत् आपूर्ति प्रणाली सुधार, बढ्दो विद्युत् माग व्यवस्थापन र विद्युत् आपूर्तिलाई भरपर्दो तथा गुणस्तरीय बनाउन सरकार र नेपाल विद्युत् प्राधिकरणको करिब रु एक अर्ब १३ करोड लगानीमा आयोजना निर्माण गरिएको हो। डबल सर्किट प्रसारण लाइनको लम्बाइ २३ किलोमिटर छ। प्रसारण लाइनका लागि ९१ टावर निर्माण भएका छन्।

सबस्टेसनमा १३२/३३ केभी, ३० एमभिए क्षमताका दुई थान पावर ट्रान्सफर्मर थान र १३२/११ केभी, २२ दशमलव पाँच एमभिए क्षमताको एक थान ट्रान्सफर्मर छन्। समग्रमा सबस्टेसनको क्षमता ८२ दशमलव पाँच एमभिए छ।

सबस्टेसनबाट विद्युत् आपूर्ति सुरु भएपछि मुख्य रूपमा जनकपुर, जलेश्वर, गौशाला र यदुकुवा वितरण केन्द्रअन्तर्गतका करिब डेढ लाख ग्राहक लाभान्वित हुनेछन्। अब त्यस क्षेत्रको चुहावट कम हुने, न्यून भोल्टेज तथा छिनछिनमा विद्युत् विच्छेद (ट्रिपिङ) लगायतका समस्या समाधान भई समग्रमा विद्युत् आपूर्ति पर्याप्त, भरपर्दो र गुणस्तरीय हुने प्राधिकरण मधेश प्रादेशिक कार्यालयका निर्देशक मुनिन्द्र ठाकुरले बताए।

यसअघि उक्त क्षेत्रमा ढल्केबरबाट जनकपुरको मुजलिया हुँदै विद्युत् आपूर्ति हुँदै आएको थियो। लाइन लामो र क्षमताले नधान्दा न्यून भोल्टेज, ट्रिपिङलगायतका समस्या थिए।

स्थानीय रूपमा विद्युत् आपूर्तिका लागि ३३ केभीका चार फिडर निकाल्न सक्नेगरी संरचना तयार गरिएको छ। यस्तै ३३ केभीका दुई फिडर जलेश्वर, एक गौशाला र एक जनकपुर क्षेत्रमा विद्युत् आपूर्तिका लागि प्रयोग गरिनेछ। यसमध्ये जनकपुरतर्फको एक फिडर निर्माण सम्पन्न गरी चालू गरिएको छ।

लोहारपट्टी सबस्टेसन वरपरका क्षेत्रमा विद्युत् आपूर्तिका लागि ११ केभीका चार फिडर लाइन निकाल्नसक्ने व्यवस्था गरिएको छ। त्यसमध्ये दुई फिडर निर्माण सम्पन्नगरी सञ्चालनमा ल्याइएको छ। प्रसारण लाइन आयोजना करिब तीन वर्षअघि सुरु गरिएको थियो।

## घट्यो पेट्रोलियम इन्धनको मूल्य

**काठमाडौं (प्रस)** – नेपाल आयल निगमले इन्धनको मुल्य घटाएको छ। निगमको विहिबार बसेको संचालक समितिको वैठकले पेट्रोलमा प्रतिलिटर ५ र डिजल तथा मट्टीतेलमा प्रतिलिटर ३ रूपैयाँ घटाएको हो। घटेको मूल्य बिहीबार मध्यरात१२ बजेदेखि लागि हुने निगमले जनाएको छ।

निगमले भारतबाट आएको नयाँ मुल्य सूचीमा पेट्रोल प्रतिलिटर ५ र डिजल तथा मट्टीतेल प्रतिलिटर २ रूपैयाँ ९६ पैसाले घटेर आएको जनाएको छ। नयाँ मुल्य अनुसार अब काठमाडौंमा पेट्रोलको प्रति लिटर १६५ र डिजल तथा मट्टीतेलको प्रति लिटर १५५ रूपैयाँ पर्ने भएको छ।

## नागरिक उड्डयन प्राधिकरण विभाजन विधेयकको मस्यौदा तयार

■ प्रभाव संवाददाता

**काठमाडौं–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव डा गणेशप्रसाद पाण्डेयले नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) विभाजन विधेयकको मस्यौदा तयार गरिएको बताएका छन्।

प्रधानमन्त्री केपी शर्मा ओलीको उपस्थितिमा सिंहदरबारमा भएको वार्षिक प्रगति समीक्षा र बजेट कार्यान्वयनसम्बन्धी छलफलमा मन्त्रालयकातर्फबाट प्रस्तुती दिँदै उनले क्यान विभाजनसम्बन्धी विधेयक अर्थ मन्त्रालयमा सहमतिका लागि पठाएको जानकारी दिए।

'मन्त्रालयले क्यानलाई अलग बनाउने कानुनका मस्यौदा अगाडि बढाएको हो। क्यान विभाजनसम्बन्धी विधेयक राष्ट्रियसभाबाट पारित भई प्रतिनिधिसभामा पेस नभई निष्क्रिय भएको थियो,' सचिव पाण्डेले भने।

क्यानलाई हवाई सेवाको नियमन र विमानस्थल सेवा सञ्चालन बेग्लाबेग्लै संरचनाबाट गर्न 'नेपाल नागरिक उ•यन प्राधिकरण विधेयक, २०७६' र 'नेपाल हवाई सेवा प्राधिकरण विधेयक २०७६' तत्कालीन पर्यटनमन्त्री योगेश भट्टराईले विसं २०७६ फागुन ११ गते राष्ट्रियसभामा दर्ता गराउनुभएको थियो। विसं २०७८ साउन १८ गते राष्ट्रियसभाबाट पारित उक्त विधेयक विसं २०७९ असोज १ मा प्रतिनिधिसभाको कार्यकाल समाप्त भएकाले निष्क्रिय भएको थियो।

मन्त्रालयले संस्कृति नीति तयार गरेको जानकारी दिँदै सचिव पाण्डेयले चालु आर्थिक वर्षमा १६ लाख पर्यटक भित्र्याउने लक्ष्य अनुरूप प्रवर्द्धनात्मक कार्यक्रम अघि बढाइएको बताए। अघिल्लो आर्थिक वर्ष १० लाख १४ हजार आठ सय ८५ विदेशी पर्यटकले नेपाल भ्रमण गरेका थिए। नेपालमा पर्यटकको औसत बसाई १३ दिन रहेकामा १३ दशमलव ५ पुऱ्याउने लक्ष्य रहेको उनको भनाइ छ।

## सेयर कारोबारमा कीर्तिमान

■ प्रभाव संवाददाता




**काठमाडौं–** धितोपत्र बजारमा बिहीबार अर्को कीर्तिमान कायम भएको छ। कारोबार रकम हालसम्मकै उच्च विन्दुमा पुगेको हो। बिहीबार झण्डै रु ३० अर्ब बराबरको कारोबार भएको छ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार कारोबार मापक नेप्से परिसूचक ४३ दशमलव शुन्य पाँच अङ्कले उकालो लागेर तीन हजार दशमलव ८१ मा पुगेको छ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसुचक १६ दशमलव शून्य एक अङ्कले उकालो लागेर पाँच सय ३५ दशमलव ५१ मा पुगेको छ। कूल ६ करोड ८९ लाख ८० हजार तीन सय ४६ कित्ता शेयर रु २९ अर्ब ९५ करोड ८५ लाख १९ हजार दुई सय १६ मुल्यमा कारोबार भयो।

नेप्सेका अनुसार, बुटवल पावर कम्पनी, राष्ट्रिय बीमा कम्पनी र मोदी इनर्जीको शेयर मूल्यमा १० प्रतिशतले बृद्धि भई सकारात्मक सर्किट लागेको छ। यस्तै, नेपाल इन्भेस्टमेन्ट मेघा बैंक नौ दशमलव ६४ र एनएमबी बैंकका लगानीकर्ताले नौ दशमलव ४२ प्रतिशतले कमाएका छन्।

यस्तै, नेपाल फाइनान्स १०, विन्दबासिनी हाइड्रोपावर सात दशमलव २२, सुभम पावर सात दशमलव १०, मिड सोलु हाइड्रोपावर ६ दशमलव २८ र अप्पर हेवाखोला हाइड्रोपावरका लगानीकर्ताले पाँच दशमलव ६८ प्रतिशतले गुमाएका छन्। नेप्सेका अनुसार, बैंकिङ, विकास बैंक, होटल तथा पर्यटन, जलविद्युत् लगानी, सामूहिक लगानी कोष निर्जीवन बीमा र व्यापार उपसमूहको शेयर मूल्यमा बृद्धि भएको छ।

## पासाङको २२ वर्षमा १६ हिमाल आरोहण

■ दिपा सुनुवार



**काठमाडौं–** पर्वतारोही तथा गाइड पासाङ नामगेल शेर्पाले २२ वर्षमा १६ हिमालको सफल आरोहण गरेका हुन्। पाकिस्तानमा रहेको विश्वको १२ औं अग्लो हिमाल ब्रोड पिकको सफल आरोहणपश्चात पर्वतारोही शेर्पाले १६ हिमालको सफल आरोहणको संख्या जोड्न सफल भएका हुन्।

बिहीबार नेपाल फर्किएका पर्वतारोही शेर्पालाई त्रिभुवन विमानस्थलमा विशिष्ट आगमनमार्फत भव्य स्वागत गरिएको छ। कोरियाका अक होंङ गिलपछि शेर्पा १६ वटा चुचुरोहरूमा पाइला टेक्ने देस्रो व्यक्ति हुन्। ब्रोड पिकको सफलतापूर्वक आरोहण गरी खुम्बु गाउँपालिकाका पासाङले विश्वका आठ हजार मिटर अग्ला १४ वटा चुचुरोहरू सफल आरोहण गर्ने आरोही भएका हुन्।

सन् २००४मा उनले कञ्चनजङ्घा हिमालको सीमामा रहेको ८,५०५ मिटर अग्लो यालुङ खाङको आरोहण गरेका थिए। निकै कठिन मानिने आठ हजार चार सय मिटर अग्लो ल्होत्से शारको चुचुरोमा सन् २००७ मा उनले सफल आरोहण गरेका थिए। यालुङ खाङका र ल्होत्से शार गरी १६ वटा चुचुरोहरूमा पाइला टेक्ने पहिलो नेपाली शेर्पाको नाममा खाता खोलेका छन्।

५२ वर्ष पुगेका शेर्पाले विश्वका आठ हजार मिटर अग्ला चुचुरोहरू धेरै पटक आरोहण गरिसकेका छन्। त्रिभुवन विमानस्थलमा उनलाई स्वागत गर्न विमानस्थलमा पर्यटन विभागका साहसिक पर्यटन तथा पर्वतारोहण शाखाका निर्देशक राकेश गुरुङ, नेपाल पर्वतारोहण संघका वरिष्ठ उपाध्यक्ष ठाकुरराज पाण्डे र इमाजिन नेपाल ट्रेक्स कम्पनी पुगेका थिए।

पर्यटन विभागका साहसिक पर्यटन तथा पर्वतारोहण शाखाका निर्देशक राकेश गुरुङले भने, 'नेपाल सरकारले कल्याणकारी कोषको स्थापना नगरे शेर्पा समुदाय विदेश पलायन हुने सम्भावना बढेको हुँदा यसका लागि विशेष जोड दिनुपर्नेछ।' हिमालमा भएको प्रदुषणले हिमालको अस्तित्व नै हराउने देखिएकाले यसका लागि सरसफाई कोषको स्थापना गरी हिमाल आरोहणलाई सुरक्षित बनाउन प्रायासरत भएको उनले बताए। उनका अनुसार अबको सिजनमा ५७ पिक लागि आरोहण का लागि खुलाउने उनले बताए। आगामी दिन मा आरोहण का लागि अझै व्यवस्थित बनाउने र यसका लागि हामी सबैले साथ सहयोग हुने। पासाङले ५२ वर्षको उमेरमा पनि धेरै राम्रो काम गरेकोमा खुशी व्यक्त गरे।

कार्यक्रममा नेपाल पर्वतारोहण संघका वरिष्ठ उपाध्यक्ष ठाकुर राज पाण्डेले भने आरोहीहरूका लागि सहजता गर्नका लागि आरोही कल्याण कोषको पनि स्थापना गर्न पहल गर्दै यससँग जोडिने नीति नियम बनाउन सबैको साथ र सहयोगको पनि आवश्यकता भएको गरेको बताएका छन्। विश्वलाई नेपाल चिनाउनका लागि शेर्पा समूदाय लागि परेका छन हिमाल र शेर्पा एकअर्काको पर्यायवाची शाब्दिक अर्थ हुने उनले बताए।

पासाङ नामगेललाई 'हिमालय टाइगर' भनेर पनि चिनिन्छ। धेरैजसो दिग्गज कोरियाली पर्वतारोहीहरूसँग हिमाल आरोहण गर्ने उनलाई हिमालमा आफ्नो बहादुरी देखाएका कारण कोरियालीहरूले 'हिमालय टाइगर' भन्ने गर्दछन्।

## गण्डकीमा १७ सय हेक्टरले खुम्चियो रोपाइँको क्षेत्रफल

**गण्डकी (प्रस)–** गत वर्ष गण्डकी प्रदेशमा कुल ९७ हजार सात सय ६९ हेक्टर क्षेत्रफलमा बर्खे धान रोपिएको थियो। यस वर्ष भने बर्खे धान खेतीको क्षेत्रफल घटेर ९६ हजार ५३ हेक्टरमा समेटिएको छ। प्रदेश कृषि विकास निर्देशनालयका अनुसार हालसम्म हालसम्म ९७ दसमलब ५० शुन्य प्रतिशत रोपाइँ सकिएको छ।

९३ हजार छ सय ५१ हेक्टरमा रोपाइँ भइसकेको निर्देशनालयका प्रमुख वासुदेव रेग्मीले जानकारी दिए। म्याग्दी र लमजुङमा रोपाइँ सकिएको र बाँकी जिल्लामा अन्तिम चरणमा रहेको उनको भनाइ छ। हिमालपारिको जिल्ला मुस्ताङ र मनाङबाहेक प्रदेशका नौ जिल्लामा धान खेती हुँदै आएको छ।

निर्देशनालयका प्रमुख रेग्मीले धान बालीको क्षेत्रफल बर्सेनि घट्दै आएको बताए। प्रदेशको कूल चार लाख ७९ हजार छ सय १७ हेक्टर खेतीयोग्य जमिनमध्ये बर्खे र चैते गरी झण्डै एक लाख हेक्टरमा धान खेती हुने गरेको उनको भनाइ छ। नवलपुर, कास्की, स्याङ्जा, तनहुँलगायत जिल्लामा धान खेतीको क्षेत्रफल बढी छ।

निर्देशनालयको तथ्याङ्कअनुसार नवलपुरमा १८ हजार सात सय १६, कास्कीमा १६ हजार दुई सय २०, लमजुङमा ११ हजार आठ सय ७५, गोरखामा १० हजार एक सय ४०, तनहुँमा सात हजार छ सय ७४ हेक्टरमा क्षेत्रफलमा यस वर्ष बर्खे धान लगाइएको छ। यस्तै स्याङ्जामा १४ हजार तीन सय ९०, पर्वतमा सात हजार पाँच सय २५, बागलुङमा पाँच हजार सात सय सात र म्याग्दीमा तीन हजार आठ सय छ हेक्टर क्षेत्रफल धान खेतीले समेटेको छ।

धान खेतीका लागि जिल्लामा पकेट क्षेत्र तोकिएको निर्देशनालयले जनाएको छ। गोरखाको छेवेटार, पालुङटार, आरुघाट, सिरानचोक, लमजुङमा धमिलीकुवा, हर्राबोट, भोर्लेटार, करापुटार, तनहुँको चुँदीफाँट, सत्रसय फाँट, कलेस्तीफाँट, कास्कीको मकैखोला, हाँडीखोला, पामे र लेखनाथ धानको पकेट क्षेत्र हुन्।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः:arketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ